जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

मंगलमय शुभकामना
शुभ दीपावलीको पावन असरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुक, टुडेकर्मीहरुमा हार्दिक मंगलमय शुभकामना ।
जनकपुर टुडे राष्ट्रिय दैनिक
रेडियो टुडे ९१ मेगाहर्ज
टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

सूचना: शुभ दीपावलीको अवसरमा जनकपुर टुडेको कार्यालयमा विदा रहेकोले कार्तिक ८ गते शनिबार खुल्ने जानकारी गराउन चाहन्छौँ । –प्रकाशक

वर्ष २७ •अंक १४७ • २०८२ साल कार्त्तिक ३ गते सोमबार (20 October, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सभापति पञ्जियार विरुद्ध पक्राउ पुर्जी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियारसहित सात जनाविरुद्ध ज्यान मार्ने उद्योग मुद्दामा पक्राउ पुर्जी जारी भएको छ।

वितेको असोज ३१ गते कांग्रेस धनुषाका जिल्ला सभापति योगेन्द्र पञ्जियार, उनका छोरा अमर पञ्जियार, क्षीरेश्वरनाथ नगरपालिका-५ का वडाध्यक्ष ६० वर्षीय जिवछ मण्डल, मण्डलका छोरा ३८ वर्षीय कमल मण्डल धानुक, अर्का छोरा ४० वर्षीय नवल मण्डल, नवलका छोरा २२ वर्षीय नीरज मण्डल र क्षीरेश्वरनाथ-१ स्थित रमदैयाका ३८ वर्षीय उमेश यादवविरुद्ध धनुषा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरिएको छ।



केही महिनाअघि नालाको विषयमा विवाद भएपछि स्थानीय नेपाली कांग्रेस र नेकपा एमाले समर्थित नेताहरूबीच कुटाकुट भएको थियो । दुवै पक्षले एकअर्का विरुद्ध जाहेरी दिएका थिए । नेकपा एमाले समर्थित नेताहरू कानुनी प्रक्रियाअनुसार अदालतमा हाजिर भइसकेका छन् भने कांग्रेस समर्थित नेताहरू भने उपस्थित नभएपछि पक्राउ पुर्जी जारी गरिएको छ।

त्यस्तै वडाध्यक्ष मण्डलले दिएको ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका प्रतिवादीहरूको सीआरएस जाँच भइरहेको छ । मण्डलले एमालेका राजदेव चौधरी, सुशील कुमार चौधरी, अनिल कुमार चौधरी, अनिल यादव र अनित यादवविरुद्ध जाहेरी दिएका थिए।

धनुषा जिल्ला अदालतले क्षीरेश्वरनाथ नगरपालिका-५ का सुशील कुमार चौधरीको जाहेरीको आधारमा दायर गरिएको मुद्दामा आदेश जारी गर्दै इलाका प्रहरी कार्यालय महेन्द्रनगरलाई पक्राउ पुर्जी पठाएको जनाइएको छ।

उनीहरूविरुद्ध ज्यानमार्ने उद्योग (हत्या प्रयास) मुद्दा दर्ता भएको र जिल्ला अदालतको आदेशअनुसार प्रहरीले आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउँदै इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उक्त पक्राउ पुर्जी पठाइएको स्रोतले जनाएको छ।

यता नेपाली काँग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियारले नालाको विषयमा विपक्षीले जाहेरी दिएको आधारमा अदालतले पक्राउ पूर्जी जारी भएको बताउँदै छठपछि आफैं अदालतमा उपस्थित हुने प्रतिक्रिया दिए।

### पुजारीको हत्या रहस्यमय

## गाउँलेहरु त्रसित, हत्याराको खोजी कार्य तीव्र

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको बोदेबर्साईन नगरपालिका-८ रजकपट्टीस्थित कबिर बाबा मन्दिरका पुजारीको शनिबार राति गोली प्रहारबाट मृत्यु भएको छ।

अज्ञात व्यक्तिले मन्दिरका ७० वर्षीय पुजारी रामदुलार साहमाथि गोली चलाएपछि घटनास्थलमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ । उनको हत्या भने अहिलेसम्म रहस्यमय देखिएको छ। पुजारी साह अज्ञात समूहको शिकार भएपछि अहिले गाउँलेहरु पनि त्रसित छन् । कसैसंग पनि कुनै किसिमको रिसराग र लोभलालच नरहे पनि पुजारी साहको हत्याले अहिले गाउँ नै शोकमग्न भएको छ।



जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले पुजारी साह शनिबार राति करिब २:१५ बजे आफ्नै कुट्टी अगाडिको बाटोमा हिँडिरहेको बेला अज्ञात व्यक्तिले पछाडिबाट गोली प्रहार गरेको जानकारी दिए। ढाडको पछाडिबाट हानिएको गोली नाइटोको छेउमा लागेको र घटनास्थलमै उनको ज्यान गएको सप्तरी प्रहरीले जनाएको छ।

सप्तरी प्रहरीले दिएको जानकारी अनुसार घटनास्थलबाट दुई थान गोलीका खोका फेला परेको छ। घटना पछि गोली चलाउने व्यक्ति फरार भएको र उनको पहिचान खुल्न बाँकी रहेको सप्तरी प्रहरीले जनाएको छ।

प्रहरी उपरीक्षक केसीले भने, 'हत्या गर्ने व्यक्ति वा समूहबारे अहिलेसम्म ठ्याक्कै जानकारी हुन सकेको छैन,' एसपी केसीले भने, 'प्रहरीले घटनाबारे गम्भीरतापूर्वक अनुसन्धान गरिरहेको छ।'

घटनापछि जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले घटनास्थलमा पुगेर अनुसन्धान थालेको छ । नेपाल-भारत सीमानानकासंग जोडिएको सो क्षेत्रमा आवतजावत कडा निगरानी गर्ने काम समेत भइरहेको प्रहरीको भनाइ छ। 'सिमानाक्षेत्रमा चेकजाँच कडा पारिएको छ,' एसपी केसीले भने, 'घटनामा संलग्न व्यक्ति पक्राउका लागि सीमावर्ती इलाकामा समेत खोजतलास जारी छ।'

स्थानीय वासिन्दाले दिएको जानकारी अनुसार साह विगत लामो समयदेखि कबिर बाबा मन्दिरमा पुजारीका रूपमा सेवा गर्दै आएका थिए। पुजारी साह विगत केही वर्षदेखि मन्दिर परिसरकै कुट्टीमा एक्लै बस्दै आएका थिए।

राति कोही व्यक्तिले गोली चलाएको आवाज सुने लगत्तै स्थानीयहरू घटनास्थल पुगेका थिए । तर त्यतिबेलासम्म पुजारी साहको मृत्यु भइसकेको थियो।

हत्या किन र कसले गर्यो भन्नेबारे अझै खुल्न नसकेकाले स्थानीयहरू त्रसित बनेका छन् । केहीले व्यक्तिगत विवाद वा चोरीका प्रयासका कारण घटना भएको हुन सक्ने अनुमान समेत गरिएको छ।

सप्तरी प्रहरीले शवलाई पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको छ।

यता पुजारी साहको घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

हार्दिक शुभकामना
हिन्दुहरूको महान पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद अवसरमा सम्पूर्ण पालिकावासी, प्रदेशवासी तथा देशवासीहरूमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस पर्वले सामाजिक सदभाव तथा भाईचारालाई थप सुमधुर तुल्याउन प्रेरणा प्रदान गरोस भनि कामना गर्दछौं ।
अशोक कुमार जयसवाल
अध्यक्ष
बारागढी गाउँपालिका
खोपवा, बारा

हार्दिक शुभकामना
हिन्दुहरूको महान पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद अवसरमा सम्पूर्ण नगरवासी, प्रदेशवासी तथा देशवासीहरूमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस पर्वले सामाजिक सदभाव तथा भाईचारालाई थप सुमधुर तुल्याउन प्रेरणा प्रदान गरोस भनि कामना गर्दछौं ।
विशेश्वर यादव
नगर प्रमुख
कमला नगरपालिका
माची झिटकहीया, धनुषा, मधेश प्रदेश

# छहोरा र चकलेट प्रहरी नियन्त्रणमा

टुडे समाचारदाता

जलेश्वर । भन्सार छली गरी अवैध रूपमा भण्डारण गरिएका छोकडा र चकलेटको ठूलो परिमाण नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

बरामद गरिएको छहोरा र चकलेटसहितका सामग्रीको अनुमानित बजार मूल्य करिब ९ लाख ५१ हजार रुपैयाँ रहेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले शनिबार राति करिब ११:३० बजे गोप्य सूचनाका आधारमा प्रहरी टोली सम्सी गाउँपालिका वडा नम्बर ७ स्थित खल्ले मण्डल टोलमा खटिएको थियो। स्थानीय घरधनीको नाम नखुलेको माटोले बनेको एउटा फुसको घरभित्र खानतलासी गर्दा



भन्सार छली गरी लुकाइएका सामानहरू फेला परेका थिए।

महोत्तरी प्रहरीले उक्त घरबाट २१ बोरामा राखिएको १०५० किलोग्राम छहोरा र ३६ कार्टुन चकलेट बरामद गरेको छ। बरामद छहोराको अनुमानित मूल्य २ लाख ३१ हजार रुपैयाँ र चकलेटको मूल्य ७ लाख २० हजार रुपैयाँ रहेको जनाइएको छ।

नियन्त्रणमा रहेका सामग्रीहरु आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालय महोत्तरीमा पठाइएको महोत्तरी प्रहरीले जनाएको छ।

# विद्यालयको भवन निर्माणमा लापरवाही गर्ने ठेकदार कम्पनीको धरौटी जफत

रञ्जन यादव

बारा । बाराको जीतपुरस्थित फकिरा गिरी राजेश्वर गिरी माध्यमिक विद्यालयको भवन निर्माण कार्यमा ठेकदार कम्पनीको लापरवाहीपछि जीतपुरसिमरा उपमहानगरपालिकाले कम्पनीको बैंक धरौटी जफत गर्ने प्रक्रिया अघि बढाएको छ।

उपमहानगरपालिकाले बारम्बार निर्देशन र ताकेता गरे पनि एन.के. कन्सट्रक्सन भेडिहारी, पर्साले निर्माण कार्य शुरु नगरेपछि कानूनी कारबाहीको प्रक्रिया शुरु गरिएको हो।

२०८१ साल मंसिर १४ गते भवन निर्माणका लागि कम्पनीले १ करोड ३० हजार ४१७ रुपैयाँ ३७ पैसामा ठेक्का सम्झौता गरेको थियो। तर लामो समयसम्म काम नगरी अटेरी गरेपछि उपमहानगरपालिकाले कम्पनीको कार्यसम्पादन बोन्ड ग्यारेन्टी १९ लाख रुपैयाँ र अग्रिम भुक्तानी ग्यारेन्टी ११ लाख रुपैयाँ जफत गर्ने तयारी गरेको जनाएको छ।

उपमहानगरपालिकाको पूर्वाधार



विकास शाखा प्रमुख इञ्जिनियर अभयकान्त झाका अनुसार ठेकदार कम्पनीलाई २०८१ साल फागुन ८ गते र २०८२ साल साउन ३० गते दुईपटक पत्र लेखी प्राविधिक जनशक्तिसहित काम शुरु गर्न निर्देशन दिए पनि कुनै प्रगति हुन सकेको छैन। उनका अनुसार कम्पनीका सञ्चालकहरूले हरेक पटक तुरुन्तै काम शुरु गर्ने प्रतिवद्धता जनाउँछन्, तर व्यवहारमा काम अघि बढाउँदैनन्," भनेर उपमहानगरले लापरवाहीको तथ्य स्पष्ट गरेको छ। उक्त स्थानमा भवन निर्माणका लागि खनिएको जगमा पानी भरिँदा पोखरी बनेपछि, नगर इञ्जिनियर झाको नेतृत्वमा गएको टोलीले पम्पिङ पाइपमार्फत पानी निकालेर सुकाउने काम गरेको थियो।

उपमहानगरपालिकाले ठेकेदार कम्पनीको लापरवाहीका कारण विद्यालय भवन प्रभावित भएको भन्दै कानूनी प्रक्रिया अनुसार बैंक धरौटी जफत गरेर अर्को विकल्पबाट निर्माण कार्य अघि बढाउने तयारी गरेको जनाएको छ। ठेक्दार कम्पणीको लापरवाहीले भवन निर्माण हुन नसक्दा कक्षा कोठा अभावमा विद्यार्थीहरुलाई पढाउन हम्मे हम्मे पर्ने गरेको विद्यालयका प्रधानाध्यापक राजु कुमार सिंहले जानकारी दिए।

# गौर घण्टाघरको उद्घाटन



टुडे समाचारदाता

रौतहट । रौतहटको गौर स्थित बीपी चोकमा निर्माण गरिएको घण्टाघरको आइतबार भव्य समारोहबीच उद्घाटन गरिएको छ।

गौर नगरपालिकाका मेयर शम्भु साहले रिवन काटेर घण्टाघरको उद्घाटन गरेका हुन्। सो कार्यक्रममा उनले घण्टाघरको बीचमा स्थापना गरिएको माता दुर्गाको प्रतिमामा माला र अविर चढाउँदै यस प्रतीकात्मक संरचनाले नगरको शान्ति, एकता र समृद्धिको रक्षा गरिरहोस् भन्ने कामना गरेका थिए।

गौर नगरपालिकाले सार्वजनिक बोलपत्रमार्फत घण्टाघर निर्माणका लागि आह्वान गरेकोमा राष्ट्र निर्माण सेवा राजदेवीसँग १ करोड ५३ लाख ६० हजार ६१६ रुपैयाँमा २०७९ चैत २७ गते सम्झौता गरिएको थियो। उक्त कम्पनीले निर्धारित अवधिभित्र निर्माण कार्य सम्पन्न गरी २०८१ पुस ३० गते नगरपालिकालाई हस्तान्तरण गरेको नगर कर्मचारी जितेन्द्र भारतीले जानकारी दिएका छन्।

घण्टाघरको बीचमा प्रारम्भमा बीपी कोइरालाको शालिक स्थापना गरिएको थियो। तर जेन- जी आन्दोलनको क्रममा शालिक भत्काइएपछि त्यहाँ माता दुर्गाको प्रतिमा स्थापना गरी पूजा-पाठ सुरु गरिएको थियो। त्यसपछि यस स्थानलाई आस्थाले भरिपूर्ण दुर्गा मन्दिरको स्वरूप दिइएको छ।

उद्घाटन समारोहमा मेयर साहले घण्टाघर गौर नगरवासीको साझा सम्पत्ति भएको बताउँदै यसको संरक्षण र सरंक्षण सबैको जिम्मेवारी रहेको उल्लेख गरे। साथै उनले नगरको विकास र समृद्धिका लागि सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिएका छन्।

कार्यक्रममा उप-मेयर कोशिला देवी, वडाध्यक्ष शिवशंकर यादव, लालबाबु जयसवाल, हरिश्चन्द्र पाण्डे, विनोद जयसवाल लगायतका जनप्रतिनिधि र स्थानीय बासिन्दाहरूको उपस्थिति रहेको थियो।

# गायत्री परिवार प्रमुखको ७५औँ जन्मदिन उत्साहपूर्वक मनाइयो

टुडे समाचारदाता

रौतहट । अखिल विश्व गायत्री परिवारका प्रमुख डा. प्रणव पण्ड्याको ७५औँ जन्मदिन रूप चतुर्दशीको दिन सादगी र उत्साहका साथ मनाइयो। यस विशेष अवसरमा शांतिकुञ्ज, हरिद्वारसहित देश-विदेशमा रहेको पाँच हजारभन्दा बढी प्रज्ञा संस्थानहरूमा विशेष हवन र कार्यक्रम सम्पन्न भएका थिए।

संस्थाकी अधिष्ठात्री श्रद्धेय शैल दीदी, श्री शिवप्रसाद मिश्र, देवसंस्कृति विश्वविद्यालयका प्रतिकुलपति डा. चिन्मय पण्ड्या, गायत्री तपोभूमि मथुराका व्यवस्थापक श्री मृत्युजंय शर्मा, शांतिकुञ्जका कार्यकर्ता, देवसंस्कृति विश्वविद्यालय परिवार, गायत्री विद्यापीठका विद्यार्थी तथा देश-विदेशबाट आएका श्रद्धालुहरूले पुष्पगुच्छाद्वारा शुभकामना प्रकट गर्दै डा. प्रणव पण्ड्या दाजुको दीर्घायु र सुस्वास्थ्यको मंगलकामना गरेका थिए।

कार्यक्रमको प्रारम्भमा शांतिकुञ्ज तथा अखिल विश्व गायत्री परिवारले सामूहिक गायत्री महामन्त्र जाप र यज्ञ





सम्पन्न गऱ्यो। त्यसैगरी, डा. प्रणव पण्ड्याका जीवनका प्रेरणादायी प्रसंगहरूलाई समेटेर विशेष कार्यक्रम आयोजना गरिएको थियो।

डेवसंस्कृति विश्वविद्यालयका कुलाधिपति डा. प्रणव पण्ड्या विगत कई दशकदेखि वैज्ञानिक अध्यात्मवाद, संस्कार क्रान्ति र नवयुग निर्माणजस्ता अभियानमार्फत समाजमा चेतना फैलाउने कार्यमा सक्रिय रहेका छन्। उहाँ एक प्रसिद्ध विचारक, लेखक र वैज्ञानिक हुनुहुन्छ र युगऋषि पं. श्रीराम शर्मा आचार्यका सिद्धान्तहरूलाई जीवनमा आत्मसात गर्दै जन-जनसम्म पुऱ्याउने कार्यमा लाग्नु भएको छ।

यो अवसरमा अखिल विश्व गायत्री परिवारका लाखौं साधक, श्रद्धालु तथा युग निर्माण अभियानमा संलग्न व्यक्तिहरूले आफ्ना-आफ्ना स्थानहरूबाट यज्ञ, जाप, सेवा कार्य मार्फत शुभकामना व्यक्त गरे। यसबाहेक, भारत र विदेशका स्थापित धार्मिक तथा राजनीतिक हस्तिहरूले पनि आफ्नो शुभकामना प्रकट गरेका थिए।

विदेशबाट विशेषगरी यूएसए, क्यानडा, यूके, स्वीडेन लगायतका देशहरू तथा भारतका मुंबई, दिल्ली, दक्षिण भारत, बिहार, झारखण्ड, उत्तर प्रदेशबाट हजारौं साधकहरूले पनि जन्मदिनको अवसरमा बधाई दिएका थिए।

# ज्येष्ठ नागरिकका लागि हवाई टिकटमा ८० प्रतिशतसम्म छुटको व्यवस्था

काठमाण्डु। आइतबार नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई यात्रा गर्ने ज्येष्ठ नागरिकका लागि ८० प्रतिशतसम्म छुटको व्यवस्था गरेको छ। आइतबार प्राधिकरणमा सम्पन्न बैठकले ७० वर्ष र सोभन्दा माथिका नागरिकलाई हवाई टिकटमा ५० देखि ८० प्रतिशतसम्मको छुट प्रदान गर्ने निर्णय गरेको हो।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक एवं इञ्जिनियर प्रदीप अधिकारीको अध्यक्षतामा वायुसेवा सञ्चालक सङ्घका अध्यक्ष र नेपालका आन्तरिक वायुसेवा सञ्चालक कम्पनीका प्रतिनिधिबीच भएको बैठकले उक्त निर्णय गरेको हो।

बैठकले ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सङ्घीय सरकारद्वारा तोकिएको अधिकतम हवाई भाडादरमा सम्पूर्ण आन्तरिक हवाइमार्गमा ५० प्रतिशत छुट प्रदान गर्ने निर्णय गरेको महानिर्देशक अधिकारीले जानकारी दिनुभयो।उहाँका अनुसार ७५ वर्षभन्दा माथिका





नागरिकलाई ७० प्रतिशत र ८० वर्षभन्दा माथिका नागरिकलाई ८० प्रतिशतसम्म छुट प्रदान गरिनेछ। जुनसुकै उमेर समूहका फरक क्षमता भएका यात्रुको हकमा कम्तीमा ५० प्रतिशत छुट सुनिश्चित गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो।

आइतबार गरिएको उक्त निर्णयले हवाई यात्रामा समावेशीता र पहुँचको प्रत्याभूति गर्ने विश्वास गरिएको महानिर्देशक अधिकारीले उल्लेख गर्नुभयो। उहाँका अनुसार बैठकमा सहभागी वायुसेवा कम्पनीलाई उक्त निर्णयहरू आजैदेखि लागू गर्न निर्देशन दिइएको छ। सोहीअनुसार सम्बन्धित सबै आन्तरिक वायुसेवा कम्पनीले तत्काल निर्णय कार्यान्वयनमा लैजानुपर्ने प्राधिकरणले जनाएको छ।

यस योजनाले ज्येष्ठ नागरिकको हवाई यात्रालाई सहज, सुलभ र किफायती बनाउने विश्वास प्राधिकरणले लिएको छ। विशेषगरी दुर्गम भेगमा रहेका ज्येष्ठ नागरिकका लागि यो निर्णय प्रभावकारी हुने महानिर्देशक अधिकारीले विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "नेपाल नागरिक उड्डयन प्राधिकरणले ज्येष्ठ नागरिक, फरक क्षमता भएका नागरिक तथा अन्य यात्रुको हितमा आगामी दिनमा अझ धैरै जनमुखी नीति कार्यान्वयन गर्दै लैजानेछ।"रासस

# यमपञ्चकको दोस्रो दिन: मनाइयो काग तिहार

काठमाण्डु। कार्तिक कृष्ण त्रयोदशीका दिन मनाइने काग तिहार पर्व आइतबार यमराजको दूतका रूपमा कागलाई पूजासहित मीठामीठा चीजबीज खान दिएर मनाइएको छ।

काग तिहार पर्वदेखि नै नेपालीको दोस्रो चाड यमपञ्चक सुरु हुने भए पनि यस वर्ष तिथिको घटबढका कारण शनिबारदेखि नै यमपञ्चक आरम्भ भएको छ। कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकासम्म तिहार मनाउने गरिन्छ।

यमराजले लोकको खबर कागका माध्यमबाट थाहा पाउने भएकाले कागलाई यमदूतका रूपमा मान्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले जानकारी दिनुभयो। कागले यमराजसमक्ष राम्रो खबर लगिदियोस् भनेर आजका दिन मीठामीठा खानेकुरा दिइ खुसी पार्ने गरिएको पनि उहाँले बताउनुभयो।



लोक व्यवहारमा काग घरमा आई कराएमा शुभ बोल, शुभ बोल भनी भन्ने प्रचलनसमेत छ। काग घर वरपर आई कराएमा उसले केही खबर लिएर आएको विश्वास गरिन्छ।'काकेन दधि भक्षितम्' अर्थात् कागलाई दही भात मीठो लाग्ने भएकाले आजको दिन कागलाई दही भात खुवाएमा यमराजसमक्ष राम्रो सन्देश लगिदिन्छ भन्ने मान्यता छ।

दुष्कर्म गर्नेलाई यमराज भएर दण्ड दिने र सत्कर्म गर्नेलाई धर्मराज भएर रक्षा गर्ने विश्वाससित पनि तिहार पर्व गाँसिएको छ। यम यातनाबाट मुक्तिका लागि परिवारका सबै सदस्यका नाममा यमदीप दान दिनेक्रम भने आज साँझदेखि सुरु हुन्छ। यमदीप दान दक्षिण फर्काएर गर्नुपर्ने वैदिक सनातन हिन्दू धार्मिक विधि छ।

शनिबारदेखि नै कार्तिक कृष्ण त्रयोदशी सुरु भएकाले आइतबार बिहान पहिलो प्रहरमै कागलाई पूजासहित मीठामीठा चीजबीज खान दिएर सम्मान गरिएको हो। रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : धनलाभ, स्वास्थ्यमा प्रतिकुलता र विजयप्राप्त हुनेछ।
वृष : अध्ययन अध्यापनमा रुचि कम र मनमा चिन्ता छाउनेछ।
मिथुन : विगतमा रोकिएका र अप्ठारा कामहरु समेत समाधान हुँदै जानेछन्।
कर्कट : धनप्राप्तिको योग बनेको छ।
सिंह : स्वास्थ्यमा प्रतिकुल असर र आर्थिक व्यय हुने सम्भावना बढी छ।
कन्या : दाम्पत्य जीवनमा सुद, समृद्धि हुँदै जानेछ।
तुला : अनावश्यक यात्रा र अनावश्यक खर्च व्ययभार बढ्ने छ।
वृश्चिक : व्यापारबाट लाभ हुनेछ।
धनु : आजको दिन नजिकको मठ मन्दिर वा घरका जेष्ठ सदस्यलाई केही उपहार दिनु राम्रो मानिन्छ।
मकर : हनुमानको दर्शन र हनुमानचालिसा पाठ गर्ने वा सुन्ने मात्रले पनि उर्जा प्राप्त हुनेछ।
कुम्भ: आकस्मिक समस्या र मनमा अशान्त छाउने छ।
मीन : आकस्मिक धनलाभ व्यापार व्यवसाय बाट नसोचेको फाइदा मिल्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# यसरी मनाइयो धनवन्तरी जयन्ती



काठमाण्डु । प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीका दिन मनाइने आयुर्वेदका प्रवर्तक धनवन्तरी जयन्ती आइतबार पूजाआराधनासहित देशभर विविध कार्यक्रम आयोजना गरी मनाइएको छ ।

वनजङ्गलमा पाइने जडीबुटीमा आधारित प्राचीनतम वैदिक चिकित्सा पद्धति आयुर्वेदका प्रवर्तक भगवान् धनवन्तरीको उत्पत्ति भएको सम्झनामा देशभर विविध कार्यक्रम गरी आइतबार धनवन्तरी जयन्ती मनाइएको हो । आयुर्वेदका चिकित्सक एवं यस क्षेत्रमा लागेकाले आज बिहानै भगवान् धनवन्तरीको विधिपूर्वक पूजाआराधना गरेका थिए । धनवन्तरीलाई भगवान् विष्णुको अवतारका रुपमा समेत मानिन्छ ।

देव र असुर मिली नागको नेती र मन्दराचल पर्वतको मदानी बनाई समुन्द्र मन्थन गर्दा रोगग्रस्त व्यक्तिको रोग निवारणका लागि कार्तिक कृष्ण त्रयोदशीका दिन अमृत कलश लिएर भगवान् धनवन्तरीको उत्पत्ति भएको चर्चा वैदिक सनातन हिन्दू ग्रन्थमा गरिएको छ ।

आजको दिनलाई आयुर्वेदका चिकित्सकहरुले सत्सङ्कल्प गरी शुभकार्य प्रारम्भ गर्ने अवसरका रुपमा लिने गर्छन् । काठमाडौंको नरदेवीमा आयुर्वेद क्याम्पसको स्थापना भएपछि नेपालमा विधिवत् धनवन्तरी जयन्ती मनाउन थालिएको थियो । त्यसबेला राजकीय आयुर्वेद महाविद्यालयका नाममा स्थापना भएको आयुर्वेद क्याम्पस आयुर्वेद अस्पतालको शिक्षण अस्पतालका रुपमा सञ्चालनमा थियो ।

आयुर्वेद क्षेत्रका व्यक्तिहरुको पहलमा विसं २०५६ देखि धनवन्तरी जयन्तीको दिनलाई आरोग्य दिवसका रुपमा पनि मनाउन थालिएको हो । हातमा वैदिक हिन्दू दर्शनका चार उपवेदमध्येको आयुर्वेदको पुस्तक र प्रकृतिले दिएको औषधिको प्रतीकका रुपमा जडीबुटी लिएका भगवान् धनवन्तरीलाई आयुर्वेद चिकित्सा क्षेत्रका संस्थापक मानिन्छ । आयुर्वेद चार वेदमध्येको अथर्ववेदको उपवेद हो ।

धनवन्तरी जयन्तीका अवसरमा आइतबार चन्द्रागिरि नगरपालिका वडा नं ८ स्थित मातातीर्थ आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा कार्यक्रम आयोजना गरियो । नगरप्रमुख घनश्याम गिरी, उपप्रमुख वसन्ती श्रेष्ठ, चन्द्रागिरि -८ का वडाध्यक्ष प्रल्हाद रिजाल, प्रशासकीय अधिकृत सुरेन्द्र थापा मगर ,अस्पतालका प्रमुख डा नारायण अचायले मनाइयो । रासस

# केराका थामबाटै आम्दानी

महोत्तरी । मधेसको महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रका पर्व कृषिमैत्री छन् । यहाँका धार्मिक, पारम्परिक र सांस्कृतिक पर्वका विधिमै कृषि उपजको महत्व जोडिएको छ ।

यहाँका पर्वमध्ये तिहार र छठमा त झन् थरिथरिका कृषि उपज पूजा सामग्रीमा प्रयोग हुन्छन् । यीमध्ये तिहारमा केरा फलमात्र नभएर कोथाहरू नै बिक्री हुने भएपछि यो खेतीका किसानलाई अतिरिक्त आर्जनको अवसर बन्दै आएको छ ।

तिहार र छठ दुवै पर्वमा केरा फल अनिवार्य चढाइने सामग्रीमा पर्छ । खासगरी छठमा त केराका घरी नै सूर्यदेवलाई अर्घ्य (अर्घ) दिँदा देखाइने चलनले पर्वभरि यसको माग निकै हुन्छ । तिहारमा लक्ष्मीपूजाका दिन त व्यापारिक प्रतिष्ठानले लक्ष्मी प्रवेशद्वार बनाउन केराका थामको प्रयोग गर्छन् । यो चलनले जिल्लाका मुख्य बजारमा केराका थामको बजार जम्दै आएको विगत छ । कतिपय ब्यापारीले केही दिन पहिले नै थामबापतको अग्रिम रकम दिएपछि यो नगदले आफ्नो पर्वका सामग्री खरिदमा सहयोग पुगेको केराखेतीका किसान बताउँछन् ।

"मैले त थामबापत बैना रकम नै पाँच हजार लिइसकेको छु", भङ्गाहा-४ थारूटोल बनराका किसान रामधारीसिंह थारू भन्नुहुन्छ । तिहारको यो अवसर आफूहरूका लागि खनेर फालिने कोथाबाट रकम प्राप्त हुनेहुँदा यो बेला पर्खाइमा रहने गरेको उहाँले बताउनुभयो । केराखेती गर्दा



एक झ्याङ्मा तीनवटाभन्दा बढी कोथा बढ्न दिन नहुने किसानको अनुभव छ । "एक झ्याङमा तीनभन्दा बढी कोथा भए घरी राम्रो लाग्दैन, कोसा राम्रा हुँदैनन्", अर्का किसान रामसुनरदेवी राय भन्नुहुन्छ, "यो त बढी भएका कोथा हामीले मजदुर लगाएर उखालेर फाल्नुपर्थ्यो, तर यो बेला कोथा बिक्री हुने भएर यो अवसर हाम्रो पर्खाइमा पर्छ ।"

पर्वको यो अवसरले उखाल्न लाग्ने खर्चको बचतसँगै कोथा बिक्रीबाट प्राप्त हुने रकम पुरस्कारजस्तै हुने गरेको राय बताउनुहुन्छ । यसै मौकामा केराको गोडमेल हुने गरेको किसानको भनाइ छ । यसैले यी पर्वलाई किसान केराको अमृत बेला भन्ने गर्छन् । पर्वका बेला केराका घरीले राम्रो दाम पाउने र उखालेर फाल्नुपर्ने कोथासमेत बिक्री हुनुले यो खास अवसर रहँदै आएको किसानको भनाइ छ ।

वर्षभरिमा एउटा केराका झ्याङमा पाँचसातवटासम्म फाल्नुपर्ने कोथा निस्कने किसान बताउँछन् । यसबेला स्वागतद्वारका लागि व्यापारीले लग्ने कोथा जोडीको रु तीन सयसम्म पाइने गरेको किसानको भनाइ छ । आफूले कोथा बेचेर नै तिहारमा पछिल्ला तीन वर्षयता सालाखाला रु १० हजार पाएको भङ्गाहा-६ सग्रामपुरका सुवालाल राय यादव बताउनुहुन्छ ।

केराका थामको बजार लक्ष्मीपूजाको एक दिनअघिदेखि नै जम्ने गरेको छ । थामको स्वागतद्वार बनाउने चलन सहरबजार क्षेत्रमा भएको हुँदा जिल्लाका जलेश्वर, गौशाला, बर्दिबास, मटिहानी, रामगोपालपुर, मनरा र पिपरासहितका बजार क्षेत्रमा ठूलै मेला जम्छ । मिथिला क्षेत्रमा तिहार र छठका अवसरमा स्वागतद्वार बनाउन प्रयोग गरिने थाम शुभफलदायी मानिन्छ । केराका थामको स्वागतद्वारबाट लक्ष्मी गृह प्रवेश गर्ने विश्वासले यसको महत्व बढेको मिथिला संस्कृतिका जानकार बताउँछन् । वैदिककालदेखिकै यो परम्परा मिथिला लोकसंस्कृतिको अङ्ग बन्दै आएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउनुहुन्छ ।

हिन्दू परम्पराका सबैजसो चाडपर्वको अनिवार्य प्रसाद सामग्री बन्ने र स्वास्थ्यका लागि लाभदायी यो फल बजारमा बाह्रैमास बेचबिखन भए पनि यहाँ यसको खेती भने निकै कम छ ।

घरकरेसा बारीमा एकाध केराका बोट देखिए पनि यसको व्यावसायिकखेती भने दुई सय ८० हेक्टरमा मात्र भइरहेको कृषि ज्ञान केन्द्र कार्यालयले जनाएको छ । जिल्लामा केराखेतीका लागि अनुकूल हावापानी र माटो रहेको हुँदा किसानले यो खेतीमा तत्परता देखाए कार्यालयले प्राविधिक सहयोगसँगै उन्नत जातका बिरुवा सुलभ मूल्यमा उपलब्ध गराउन पहलकदमी लिनसक्ने कार्यालयका कृषिविज्ञ तथा सूचना अधिकारी अविरलकुमार महतो बताउनुहुन्छ ।रासस

# गृह मन्त्रालयद्वारा शान्तिसुरक्षा कायम गर्न निर्देशन

काठमाण्डु । गृह मन्त्रालयले शान्तिसुरक्षा, अपराध नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाह, विकास व्यवस्थापन, आपूर्ति व्यवस्थापन, अनुगमन निरीक्षण र कार्यक्रममा सहभागिता एवम् व्यवस्थापनलगायत विषयमा देशभरका जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ ।

मन्त्रालयले आइतबार जिल्लामा शान्तिसुरक्षा तथा अपराध नियन्त्रण, सुशासन, नियमन, समन्वय र सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्नुपर्नेलगायत व्यक्तिगत आचरणसमेतका विषयमा सजगता साथ सक्रिय एवम् प्रभावकारी भूमिका निर्वाह गरी सरकारप्रति नागरिकको भरोसा र विश्वास जागृत एवम् अभिवृद्धि गर्ने तथा नतिजा देखिने गरी प्रचलित कानुनले प्रदान गरेका जिम्मेवारी निर्वाह गर्ने क्रममा देहायबमोजिम गर्न र गराउन प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिएको हो ।

मन्त्रालयका सचिवस्तरीय निर्णयानुसार मन्त्रालयले शान्तिसुरक्षाअन्तर्गत जेनजीको प्रदर्शनपछि विकसित घटनाक्रमलाई मध्यनजर गर्दै जिल्लाभित्र शान्तिसुरक्षामा तत्काल र दीर्घकालमा असर पार्ने सुरक्षा चुनौतीहरू सतहमा आउनुपूर्व नै पहिचान एवम् विश्लेषण गर्दै त्यसका लागि सूचना सङ्कलन, विश्लेषण र उपयोगलाई समन्वयात्मक रूपमा प्रभावकारी बनाउनसमेत निर्देशन दिएको छ ।

त्यसैगरी मन्त्रालयले पछिल्लो परिवर्तनपश्चात् नयाँ सरकार गठन



भई आम निर्वाचनको प्रारम्भिक कार्य सुरु भइसकेको सन्दर्भमा सभा, सम्मेलन, बैठक एवम् विरोधका कार्यक्रमहरू सञ्चालन गर्दा अहिंसात्मक हुनेगरी शान्तिपूर्ण ढङ्गबाट अन्य पक्षलाई उत्तेजित नपार्ने एवम् उक्साहट नहुनेगरी पूर्वस्वीकृति लिएर मात्र सभा सम्मेलन गर्ने व्यवस्था मिलाउनुपर्नेमा जोड दिएको छ ।

जेनजी पुस्ताको प्रदर्शनका क्रममा मुलुकका विभिन्न भागमा सुरक्षा निकायका साथबाट हराएका वा लुटिएका हातहतियार र खरखजाना फिर्ता ल्याउन सबै सुरक्षा निकायले कार्ययोजना बनाई संयुक्त रूपमा प्रभावकारी सेक्युरिटी अपरेशसन सञ्चालन गर्ने, अवैध हातहतियारको नियन्त्रण गर्न आवश्यक कार्य गनुपर्ने मन्त्रालयको निर्देशनमा उल्लेख छ । सरकारले जिल्लास्थित सबै सुरक्षाकर्मी तथा निजामती कर्मचारीको मनोबल बढाउने गरी छलफल, अनुगमन एवम् उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्न, कानुन कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्दै दण्डहीनताको अन्त्य गरी नागरिकमा स्थानीय प्रशासन एवम् सुरक्षा निकायप्रतिको विश्वास जागृत र अभिवृद्धि गराई सुरक्षा प्रत्याभूति गर्न तथा कानुन

> जेनजी पुस्ताको प्रदर्शनका क्रममा मुलुकका विभिन्न भागमा सुरक्षा निकायका साथबाट हराएका वा लुटिएका हातहतियार र खरखजाना फिर्ता ल्याउन सबै सुरक्षा निकायले कार्ययोजना बनाई संयुक्त रूपमा प्रभावकारी सेक्युरिटी अपरेशसन सञ्चालन गर्ने, अवैध हातहतियारको नियन्त्रण गर्न आवश्यक कार्य गनुपर्ने मन्त्रालयको निर्देशनमा उल्लेख छ ।

विपरीतका कार्यमा संलग्न जो कोहीलाई पनि तत्काल नियन्त्रणमा लिई प्रचलित कानुनबमोजिम कारबाही गर्न र विस्थापित भएका सुरक्षा निकायका कार्यालय स्थानीय समुदायसँगको समन्वय एवम् सहयोगमा पुनःस्थापित गर्न र गराउन पनि मन्त्रालयले निर्देशन दिएको छ । जिल्लाबाट शान्तिसुरक्षा, विपद् व्यवस्थापनलगायत तत्काल जाहेर ीसमेतका विषयमा गर्नुपर्ने दैनिक प्रतिवेदन मन्त्रालयको दैनिक प्रतिवेदनप्रणालीबाट गर्ने, प्रतिवेदन गर्नुपर्ने उल्लेखनीय विषय नभए पनि दैनिक जानकारी गराउनुपर्ने र राष्ट्रिय अन्तरराष्ट्रिय प्रभाव पार्ने, अपराध नियन्त्रण र शान्तिसुरक्षामा गम्भीर असर पुऱ्याउनेलगायत महत्वपूर्ण घटनाको सूचना तत्कालै मन्त्रालयसमक्ष प्रमुख जिल्ला अधिकारीले जाहेरी गर्नुपर्ने निर्देशनमा उल्लेख छ ।

मन्त्रालयले जिल्लाभित्रका गतिविधिका बारेमा नियमित प्रतिवेदन र जाहेरी गर्नुपर्ने दायित्व प्रमुख जिल्ला अधिकारीको रहने भएकाले घटनाको प्रकृति तथा संवेदनशीलता विश्लेषण गरी यथाशीघ्र जानकारी गराउने र मन्त्रालयबाट आवश्यक छानबिन तथा कारबाहीका लागि लेखी पठाइएका विषयहरू प्राथमिकताका साथ फछ्र्यौट गर्नुपर्ने निर्देशन दिएको छ ।

सरकारले अपराध नियन्त्रण सम्बन्धमा जिल्लाभित्र घट्ने कुनै पनि घटनाको निरूपण, पीडितलाई न्याय र दोषीलाई कानुनको दायरामा ल्याउने कार्यमा नागरिकको आशा, विश्वास र भरोसामा अभिवृद्धि हुनेगरी कार्यसम्पादन गर्ने, गराउन र छिमेकी मुलुकहरूसँग सीमा जोडिएका जिल्लाले सीमा सुरक्षा, सीमा स्तम्भको सुरक्षा र सीमा क्षेत्रमा हुने अपराध तथा सीमापार अपराध नियन्त्रणका लागि सीमा क्षेत्रका गतिविधि नियमित रुपमा निगरानी गर्ने, जिल्ला सुरक्षा समितिका तर्फबाट सीमा निरीक्षण गर्ने, सुरक्षाकर्मीबाट एकल तथा संयुक्त गस्ती पट्रोलिङ गर्ने छ । रासस

# फरकफरक दिनमा तिहार मनाउँदै

भादगाउँ । भक्तपुरका नेवार समुदायले स्वन्ती नखः (तिहार) पर्व फरकफरक दिनमा मनाउने भएका छन् । तिथि घटबढका कारण पर्व फरकफरक दिनमा मनाउन लागिएको हो ।

नेपाल पञ्चाङ्ग निर्णायक समितिले सार्वजनिक गरेको पात्रो अनुसार नेपालीहरूको दोस्रो ठूलो पर्व तिहारअन्तर्गत आइतबार काग तिहार, कात्तिक ३ गते बिहान कुकुर तिहार, साँझ लक्ष्मीपूजा, कात्तिक ४ गते गाई तिहार, कात्तिक ५ गते गोवर्द्धन पूजा, म्हः पूजा र नेपाल संवत्को शुभारम्भ तथा कात्तिक ६ गते किजा पूजा एवं भाइटिका परेको छ ।

यसैबीच, मध्यपुरथिमि नगरपालिकाका नेवार समुदायले लक्ष्मीपूजा कात्तिक ४ गते मनाउने भएका छन् । कात्तिक ४ गते साँझ ६:१५ बजेसम्म औँसी तिथि रहेकाले सो दिन मात्र लक्ष्मीपूजा गर्न लागिएको थिमि लायकूका नायो पमाः (प्रधान नाइके) श्यामकाजी श्रेष्ठले बताउनुभयो ।

यस्तै मध्यपुरथिमि-७, नगदेशस्थित लायकू (दरबार)को आह्वानमा गत असोज ३० गते बसेको नगदेश लायकू दरबारका नायो पमाः, पमाः, नगदेशका सम्पूर्ण खलःका प्रतिनिधि, नेवा दे दबूका प्रतिनिधि, ज्यापू महागुठीका प्रतिनिधि तथा बुद्धिजीवीको बैठकले लक्ष्मीपूजा कात्तिक ४ गते मनाउने निर्णय गरेको हो । बैठकले कात्तिक २ गते काग तिहार, ३ गते कुकुर तिहार, ४ गते लक्ष्मीपूजा, ५ गते म्हः पूजा, नेपाल संवत् र ६ गते किजा पूजा तथा भाइटिका मनाउने निर्णय गरेको नेवाः दे दबूका कृष्णबहादुर घजुले जानकारी दिनुभयो ।

भक्तपुर नगरका नेवार समुदायले भने म्हः पूजा कात्तिक ४ गते गर्ने भएका छन् भने किजा पूजा (भाइटिका) कात्तिक ५ गते गर्ने भएका छन् । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा गत असोज २२ गते बसेको भक्तपुरको तलेजुका पूजारी तथा ज्योतिषहरूको बैठकले सो निर्णय गरेको हो ।

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, तलेजुका पूजारी प्रजेशराज राजोपाध्याय, नरेन्द्रप्रसाद जोशी, महेश कर्माचार्य, पद्मलोचन कर्माचार्य, सिद्धिवीर कर्माचार्य, ज्ञानेन्द्रकृष्ण जोशीलगायत सहभागी हुनुहुथ्यो । भक्तपुरका नेवार समुदायमा कुनै चाडपर्व मनाउन तिथिमा अन्योल उत्पन्न भए तलेजु र लायकूको निर्णायानुसार गर्ने प्रचलन रहेको छ ।

सोही अनुसार यसवर्ष पनि तिथि घटबढका कारण तिहार मनाउन अन्योलमा परेको छ । रासस

# राष्ट्र र राष्ट्रियतामाथि सङ्कट परेको अवस्थामा एकजुट हुनुपर्छः पूर्वउपसभापति श्रेष्ठ

पाटन । नेपाली कांग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठले राष्ट्र र राष्ट्रियतामाथि सङ्कट परेको अवस्थामा पार्टीगत हीत तथा पार्टीभित्रका गुटउपगुटबाट माथि उठेर एकजुट हुनुपर्ने बताउनुभएको छ ।

ललितपुरमा आइतबार पत्रकार सम्मेलन गर्दै पूर्वउपसभापति श्रेष्ठले दलभन्दा माथि उठेर राष्ट्रिय एकताका लागि नेपाली कांग्रेसको नेतृत्वले समस्या




समाधानको पहल गर्नुपर्नेमा जोड दिनुभयो । राजनीतिक दल लोकतन्त्रका वाहक भएको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलको विकल्प नभएको बताउनुभयो ।

कांग्रेसमा शेरबहादुर देउवाले नेतृत्व हस्तान्तरण गरे पनि अरूले त्यस्तो अग्रसरता देखाउन नसकेको पूर्वउपसभापति श्रेष्ठको भनाइ थियो । विगतका आठ राजनीतिक दल मात्रै हैन, अब नयाँ राजनीतिक दललाई पनि संवादमा समावेश गरेर अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो । "अग्रजहरुलाई निषेध गरेर पनि राजनीति अगाडि बढ्न सक्दैन, सबैसँग समन्वय गरेर अगाडि बढ्नुपर्छ," उहाँले भन्नुभयो ।रासस





## श्री राष्ट्रिय आधारभूत विद्यालय, भडरिया

### धनौजी गाउँपालिका, वार्ड नं. ४, धनुषा

## शिक्षक भर्ना सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०७/०२

धनौजी गाउँकार्यपालिकाको कार्यालयको च.नं. ४२७ मिति २०८२/०६/०७ र यस विद्यालयको वि.व्य.स. को मिति २०८२/०६/०९ गतेको निर्णयानुसार यस विद्यालयमा प्राप्त भएको अंग्रेजी विषयको आधारभूत तह कक्षा (६-८) का संघिय शिक्षण सिकाई अनुदान - १ (एक) रिक्त पदपूर्ति गर्नु भएकोले सो पद अनुसारको शैक्षिक योग्यता, उमेर र वैकल्पिक सूचीमा परेका योग्य नेपालीबाट समेत सूचना प्रकाशत भएको मितिले ३० (तीस) दिन भित्र योग्यता प्रमाणपत्रका प्रतिलिपीहरु सहित दरखास्त आव्हान गरिन्छ ।

१. **विज्ञापन नं.** : - ०१/२०८२/२०८३
२. **किसिम** :- संघिय शिक्षण सहयोग अनुदान आधारभूत तह करार कक्षा (६-८)
३. **विषय** :- अंग्रेजी
४. **पद संख्या** :-१ (एक)
५. **परीक्षा दस्तुर** :- ९००।- यस विद्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नं. ००८००१००४६४३८५००००००१ मा दाखिला गरेको सक्कलै भाउचर ।
६. **परिक्षाको किसिम** :- लिखित र अन्तर्वाता ।
७. **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८. **पाठ्यक्रम** :- शिक्षक सेवा आयोगले तोकेको तह अनुसार हुनेछ ।
९. **शैक्षिक योग्यता** :- प्रविणता प्रमाणपत्र तह शिक्षा संकायमा मूल विषय अंग्रेजी वा सो सरह अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्ने ।
८. **सम्पर्क मिति** :- २०८२/०८/०५
९. **सम्पर्क नम्बर** : ९८०४८१०१८८/९८००८४७४३०

प्रधानाध्यापक

## श्री गंगा राष्ट्रिय आधारभूत विद्यालय, तरही

### धनौजी गाउँपालिका, वार्ड नं. ४, तरही, धनुषा


## शिक्षक भर्ना सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०७/०२

यस विद्यालयमा आधारभूत तह कक्षा (६-८) मा शुन्य दरबन्दी रहेको हुनाले नेपाल सकरारबाट त्यस्ता विद्यालयको लागि शसर्त अनुदान अन्तर्गत अंग्रेजी, गणित, विज्ञान विषयको आधारभूत तह कक्षा (६-८) संचालन रहेको विद्यालयहरुमा सो अनुदान दिनुपर्ने व्यवस्था नेपाल सरकार शिक्षा तथा मानव श्रोत विकाश केन्द्रबाट प्रकाशन भएको कार्यक्रम कार्यन्वयन पुस्तिका आ.व. २०८२/२०८३ मा रहेकोमा सो समेत आधार र यस विद्यालयको वि.व्य.स. को मिति २०८२/०७/०२ गतेको निर्णयानुसार यस विद्यालयमा प्राप्त भएको अंग्रेजी विषयको आधारभूत तह कक्षा (६-८) का संघिय शिक्षण सिकाई अनुदान - १ (एक) रिक्त पदपूर्ति गर्नु भएकोले सो पद अनुसारको शैक्षिक योग्यता, उमेर र वैकल्पिक सूचीमा परेका योग्य नेपालीबाट समेत सूचना प्रकाशत भएको मितिले ३० (तीस) दिन भित्र योग्यता प्रमाणपत्रका प्रतिलिपीहरु सहित दरखास्त आव्हान गरिन्छ ।

१. **विज्ञापन नं.** : - ०१/२०८२/२०८३
२. **किसिम** :- संघिय शिक्षण सहयोग अनुदान आधारभूत तह करार कक्षा (६-८)
३. **विषय** :- अंग्रेजी
४. **पद संख्या** :-१ (एक)
५. **परीक्षा दस्तुर** :- १०००।- यस विद्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नं. ००८००१००४६४३३००००००१ मा दाखिला गरेको सक्कलै भाउचर ।
६. **परिक्षाको किसिम** :- लिखित र अन्तर्वाता ।
७. **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८. **पाठ्यक्रम** :- शिक्षक सेवा आयोगले तोकेको तह अनुसार हुनेछ ।
९. **शैक्षिक योग्यता** :- प्रविणता प्रमाणपत्र तह शिक्षा संकायमा मूल विषय अंग्रेजी वा सो सरह अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्ने ।
८. **सम्पर्क मिति** :- २०८२/०८/०४
९. **सम्पर्क नम्बर** : ९८००८९१९१८

प्रधानाध्यापक



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# शुभकामना

हिन्दुहरुको दशैंपछिको दोस्रो ठूलो चाड तिहार (दीपावली) प्रारम्भ भइसकेको छ। दीपावलीमा सरसफाई र लक्ष्मी माताको पूजा गरिन्छ। यमपञ्चक भनेर नेपालमा तिहारमा पाँच दिनसम्म पूजा गरिन्छ। दशैं प्रारम्भ हुनु अघि नेपालमा भीषण आन्दोलन भएको थियो । त्यसले जनधनको ठूलो विनास गर्यो । दशैंमा वर्षा, बाढी र पहिरोले पनि जनधनको क्षति गरे । जेन- जी आन्दोलन र बाढी पहिरोको प्रभाव अझैं कायमै छ । देशको राजनीतिक उथलपुथलको भन्दा निम्तिएको विनाशले सबै क्षेत्र नराम्ररी प्रभावित भएको छ । पहेलो धातु सुन र सेतो धातु चाँदीको मूल्य अकासिएको छ। त्यसले नेपालको अर्थतन्त्र समेत प्राभावित हुनु स्वभाविक नै हो । नेपालको अर्थ व्यवस्थालाई विदेशबाट नेपालीले पठाउने रेमिट्यान्स हो । देशको यथार्थ बजेटको हाराहारीमा रेमिट्यान्स आइरहेको छ । तर त्योसँगै नेपालीको शव पनि आइरहेको छ। देशलाई आत्मनिर्भर बनाउन रेमिट्यान्सको भर परेर हुँदैन। आफ्नै देशमा रोजगारीको अवसर सृजना भए आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक नतिजा देखिने छ। हरेक नेपालीको योग्यता र क्षमतालाई आफ्नो देशमा उपयोग गर्न सके कयौँ विकृतिहरु समाधान हुन सक्छ। नेपालमै रोजगारीको अवसर सृजना गर्ने पर्याप्त सम्भावना छ। नेपालको विकासमा नेपालीको योगदान हुनै पर्छ । तिहारमा झिलिमिली बत्ती बालेर मनाइने पर्वको बेला धेरै परिवार त्यसमा सहभागी भएका छैनन् । कयौँ अभाव र पीडामा रहेका परिवारहरुका लागि दशैं र तिहारको खासै महत्व रहेन । देशमा अन्तरिम सरकार छ। यसले निर्धारित समयमा चुनाव गराउने जिम्मेवारी पनि स्वतन्त्र ढंगले निर्वाह गर्न सके ठूलो उपलब्धि हुनेछ । तर राजनीतिक र सरकारबीचको दूरी बढिरहेकाले चुनावको अवस्था नआउन सक्छ। छठपछि फेरि पनि देश अशान्त हुने भय र चिन्ता नेपालीमा देखिन्छ। नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन देशमा शान्ति सुरक्षाको अवस्था सुदृढ हुन आवश्यक छ । तर अनेक प्रकारको राजनीतिक उथलपुथलका लागि हुने आन्दोलनहरुले देशलाई असुरक्षित बनाएको छ । नेपालमा पर्यटनको अत्यन्त राम्रो सम्भावना छ। तर प्राकृतिक विपद् र राजनीतिक आन्दोलनहरुले पर्यटनको क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। आन्दोलन र विपद्को प्रभाव दशैं र तिहारमा पनि देखिएको छ । खुशियाली बनाउने बेला पनि नेपाली त्रासमा छन् । महगी आकाशिएको छ। देशमा शान्ति सुरक्षाको स्थिति सुदृढ नभएसम्म सबै पर्व त्यौहार र क्षेत्र प्रभावित भइरहने छ। सरकारले देशमा शान्ति सुरक्षाको प्रत्याभूति दिन आवश्यक छ । आगामी दिनमा देशमा आन्दोलन लगायतका अशान्ति हुने कार्यक्रमहरु गर्न हुँदैन। सबै मिलेर देश बनाउन लाग्नु पर्छ। निर्धारित समयमा नै चुनाव गराएर देशलाई राजनीतिक निकास दिनुपर्छ। तिहारको धेरै धेरै शुभकामना।

# जेनजीको आन्दोलनले बिर्सेको मूल मुद्दा



रमेश कुमार बोहोरा

हरेक क्रान्ति वा आन्दोलनले एउटा सपना बाँडेको हुन्छ, सुखद् भविष्यको कल्पना गरेको हुन्छ। आम जनतामा उत्साहको लहर ल्याएको हुन्छ। विश्वका हरेक मुलुकमा हुने राजनीतिक परिवर्तनको मूल ध्येय यही हो।

नेपालको राजनीतिक इतिहासममा ४० को दशकयता थुप्रै परिवर्तन भयो । ती परिर्वनहरुमध्ये २०८२ भदौ २३-२४ को जेनजी क्रान्ति अभूतपूर्व रह्यो । असंगठित समूहको यो क्रान्तिले व्यवस्थाको साटो जनताको अवस्था परिवर्तनको माग राखेको थियो । वर्तमान राजनीतिक प्रणालीका केही आधार भूत पक्षहरुको सुधार चाहेको थियो र छ।

२४ घण्टामै सत्ता ढल्ने गरी भएको जेनजी क्रान्ति वा आन्दोलन नेपालको राजनीतिक र सामाजिक इतिहासमा अद्वितीय र असामान्य घटना बन्न पुग्यो। आन्दोलनका पृष्ठभूमिहरु जेजस्तो थियो भनिए पनि अप्रमाणिक ती कथित विश्लेषणहरुको कुनै अर्थ छैन र देश अहिले नयाँ मोडमा उभिएको छ। यो मोडबाट तय हुने बाटोले सही गति लिएन भने देश अभूतपूर्व संकटमा फस्ने छ।

युवा पुस्ताको असन्तुष्टि लामो समयदेखि प्रकट हुँदै आएको भए पनि सरकारले त्यसलाई सम्बोधन गर्न नसक्दा सामाजिक सञ्जाल प्रतिबन्ध आगो ओकल्ने आधार बन्यो। रोजगारी, सुशासन, आर्थिक सामाजिक न्याय जस्ता माग राखेर युवाहरु जसरी सडकमा उत्रिए यसलाई सुरक्षित अवतरण गराउनु ठूलो चुनौति कायम छ।

जेनजी आन्दोलनले युवाको जागरण र असन्तुष्टिको विस्फोट त गरायो तर यसले बिर्सेको मूल मुद्दा त्यही रह्यो संरचनागत सुधार, आर्थिक अवसर र सामाजिक न्यायको वास्तविक कार्यान्वयन जेनजी आन्दोलनको सुरुवात सामाजिक सञ्जालमाथि सरकारले लगाएको प्रतिबन्धबाट भएको भनिन्छ। त्यो प्रतिबन्धले युवाहरूको दैनिकी मात्र होइन उनीहरूको आत्मसम्मानमा समेत चोट पुऱ्यायो।

सामाजिक सञ्जाल उनीहरूका लागि केवल मनोरञ्जनको माध्यम थिएन त्यो त विचार र आवाज प्रकट गर्ने लोकतान्त्रिक उपकरण बनिसकेको थियो। जब सरकारले यो अधिकार खोस्ने प्रयास गऱ्यो तब युवाहरूको असन्तुष्टि विस्फोट भयो उनीहरूको दृष्टिमा त्यो प्रतिबन्ध केवल प्रविधि बन्द गर्ने कुरा थिएन त्यो त अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रत्यक्ष प्रहार थियो तर आन्दोलनले यो विषयलाई जति जोडले उठायो त्यसकै छायामा अन्य गहिरा र जटिल विषयहरू ओझेलमा परे।

सडकमा युवाहरूले नारा लगाए "हाम्रो आवाज बन्द गर्न पाइँदैन" "भ्रष्टाचार बन्द गर" "नेपो बेबीहरूको अन्त्य गर" "समान अवसर दे" यी मागहरू उचित थिए तर आन्दोलन तत्कालका घटनामा मात्र केन्द्रित रह्यो यसले प्रणालीगत र दीर्घकालीन परिवर्तनको स्पष्ट खाका प्रस्तुत गर्न सकेन। युवाहरूले आफ्नो शक्ति प्रदर्शन त गरे तर त्यसलाई नीतिगत दिशामा रूपान्तरण गर्न सक्ने संरचना तयार भएन राजनीतिक नेतृत्वको अभाव, नीति-निर्माणप्रति अनभिज्ञता र दीर्घकालीन दृष्टिकोणको कमीले आन्दोलनको सम्भावना अस्थायी क्रोधमा सीमित रह्यो।

युवापुस्ताको असन्तुष्टि केवल सामाजिक सञ्जालको प्रतिबन्धसँग सीमित थिएन। उनीहरूका लागि बेरोजगारी, शिक्षा र अवसरको असमानता, राजनीतिक दलहरूमा वंशवाद र पुरानो पुस्ताको एकाधिकारनैअसलीसमस्याथिएविश्वविद्यालयहरूमा दलहरूको हस्तक्षेपले विद्यार्थी जीवन अपमानजनक बनेको थियो।

सरकारी रोजगारी र ठेक्कापट्टामा असमान पहुँच देखिन्थ्यो उद्यमशील युवाहरूलाई राज्यले प्रोत्साहन दिनुको साटो अवरोध सिर्जना गरेको थियो यी सबै कुराको अन्त्यको माग आन्दोलनको सतहमा कतैकतै देखिए पनि, ती विषयहरूलाई आन्दोलनको केन्द्रीय एजेन्डा बन्न सकेन आन्दोलन भावनात्मक थियो तर दीर्घकालीन संरचनागत सोचमा कमजोर रह्यो।

नेपालको जनसांख्यिक तथ्यांकले स्पष्ट देखाउँछ देशको कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा युवाहरू छन्। यही पुस्ता भविष्यको नेतृत्व, श्रमशक्ति र सृजनशीलता हो । तर राजनीतिक प्रणालीले युवाहरूलाई निर्णय प्रक्रियाबाट टाढा राखेको छ । दलहरूको आन्तरिक संरचना वृद्ध नेताहरूको नियन्त्रणमा सीमित छ।

नयाँ नेतृत्वलाई मौका दिनु त परै जाओस् नयाँ सोचलाई पनि ठाउँ दिइँदैन जेनजी आन्दोलनले यही असमानताविरुद्ध आवाज उठायो तर त्यो आवाज नीतिगत मागमा परिणत हुन सकेन। "नेतृत्वमा युवा चाहियो" भन्ने नारा गुञ्जियो तर त्यसलाई संस्थागत रूपमा कार्यान्वयन गर्ने योजना तयार भएन संसदमा उमेरगत कोटा, स्थानीय तहमा युवा सहभागिता नीति वा दलभित्र अनिवार्य युवा कोटा जस्ता ठोस प्रस्ताव आउन सकेनन्।

सामाजिक र आर्थिक दृष्टिले पनि आन्दोलनले केही गम्भीर पक्ष बिर्सियो नेपालको युवा बेरोजगारी दर लगातार बढ्दो छ। लाखौं युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन्। देशभित्र उत्पादनशील उद्योग र अवसरको कमीले पढेका युवाहरू निराश छन्।

राज्यका योजना र नीतिमा युवाको भूमिका औपचारिक रूपमा उल्लेख भए पनि व्यवहारमा उनीहरूलाई 'कार्यकर्ता'को रूपमा मात्र प्रयोग गरिन्छ। जेनजी आन्दोलनको मर्ममा आर्थिक अवसरको असमानता सबभन्दा ठूलो मुद्दा थियो तर आन्दोलनका नारामा त्यो स्पष्ट देखिएन।

आन्दोलनमा सहभागी अधिकांश युवा शहरी वर्गका थिए । उनीहरूले सामाजिक सञ्जाललाई आफ्नो मुख्य हतियार बनाएका थिए । तर ग्रामीण क्षेत्रका युवाहरू, सीमान्तकृत समुदाय, महिला र श्रमिक वर्गका आवाज पर्याप्त रूपमा प्रतिनिधित्व भएनन् । यस वर्गीय र क्षेत्रीय विभाजनले आन्दोलनको समावेशिता कमजोर बनायो जसका कारण आन्दोलनले सम्पूर्ण युवा पुस्ताको प्रतिनिधित्व गर्न सकेन।

हरेक ठूलो आन्दोलन सफल हुनका लागि देशका सबै तहका मानिसहरूलाई जोड्नुपर्छ। जेनजी आन्दोलनले युवा असन्तुष्टि उजागर त गऱ्यो तर त्यो असन्तुष्टि मुख्यतः शहरी मध्यवर्गीय र प्रविधिमा पहुँच भएका युवाहरूमा सीमित रह्यो। त्यसैले आन्दोलनले सामाजिक न्याय, ग्रामीण अवसर, सीमान्त युवाको आवाज र लैङ्गिक समानता जस्ता दीर्घकालीन विषयहरू बिर्सियो।

राजनीतिक विश्लेषकहरूले जेनजी आन्दोलनलाई "भावनाको विस्फोट" भनेका छन्। उनीहरूको दृष्टिमा यो विद्रोहले पुरानो प्रणालीविरुद्ध नयाँ विचार ल्यायो तर त्यो विचारलाई संस्थागत संरचना बनाउने प्रयास भएन अव्यवस्थित नेतृत्व, अराजक नारा र धेरै ठाउँमा देखिएको हिंसात्मक व्यवहारले आन्दोलनको नैतिक शक्ति कमजोर बनायो अधिकार माग्दा जिम्मेवारी पनि साथमा हुनुपर्छ।

स्वतन्त्र आन्दोलनको नैतिक र रणनीतिक नियन्त्रण जरुरी हुन्छ त्यो नहुँदा जेनजी आन्दोलनले आफ्ना विरोधीहरूलाई नै बलियो बनाइदियो। पुराना दलहरूले यसलाई अस्थायी भावनात्मक प्रतिक्रिया भनेर सहजै भन्न सके तर आन्दोलनको शक्ति नकार्न सकिँदैन यसले लामो समयपछि युवाहरूको राजनीतिक चेतना जगाएको छ विद्यालय र क्याम्पसका विद्यार्थीहरू अब बुझ्न थालेका छन् राजनीति नेताहरूको पेशा मात्र होइन आफ्नो अधिकारको माध्यम हो।



सामाजिक सञ्जालका बहसहरू सडकमा प्रत्यक्ष रूपमा देखिन थालेका छन्। यसले पुराना राजनीतिक दलहरूलाई पनि सोच्न बाध्य बनाएको छ। उनीहरू अब युवाको ऊर्जा र असन्तुष्टिलाई बेवास्ता गर्न सक्दैनन्। तर जबसम्म यो ऊर्जा संरचनागत सुधारतिर उन्मुख हुँदैन तबसम्म यो केवल क्षणिक आन्दोलनको रूपमा सीमित रहन्छ।

जेनजी आन्दोलनका मागहरू वैधानिक रूपमा सन्तोषजनक थिए अभिव्यक्ति स्वतन्त्रता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र योग्यताको आधारित अवसर तर आन्दोलनले नदेखेको पक्ष के थियो भने यी विषयहरू अलग-अलग मुद्दा होइनन् यी सबै संरचनागत सुधारका अंग हुन्। अभिव्यक्ति स्वतन्त्रता त्यसै टिक्दैन यदि शिक्षा प्रणाली राजनीतिक नियन्त्रणमा छ भने।

भ्रष्टाचार नियन्त्रण सम्भव हुँदैन यदि नियामक निकाय स्वतन्त्र छैनन् भने योग्यतामा आधारित अवसर सुनिश्चित हुँदैन यदि सार्वजनिक सेवा आयोग दलहरूको सिफारिसमा बाँडिन्छ भने त्यसैले आन्दोलनको चुनौती नारामा होइन नीतिगत ढाँचा निर्माणमा केन्द्रित हुनुपर्ने थियो।

नेपालको राजनीतिक संस्कृतिले युवालाई लामो समयदेखि 'सहयोगी शक्ति'को रूपमा हेरेको छ ' निर्णायक शक्ति'को रूपमा होइन दलहरूले युवालाई भीड जुटाउने, नाराबाजी गर्ने र प्रचार गर्ने भूमिकामा मात्र सीमित राखेका छन्। यो मानसिकता नफेरिएसम्म कुनै आन्दोलनले स्थायी परिणाम ल्याउन सक्दैन। जेनजी आन्दोलनले यो सोचमा आघात त पुऱ्यायो तर संस्थागत परिवर्तन गर्न सकेन नयाँ दल बनाउने चर्चा चले तर नेतृत्वमा पुनः पुराना अनुहारहरू देखिए जसले आन्दोलनको मौलिकता कमजोर बनायो।

अब यदि यो आन्दोलनले दीर्घकालीन प्रभाव पार्नुपर्छ भने नाराबाट नीति निर्माणतिर केन्द्रित हुनुपर्छ। युवाहरूले सडकमा मात्र होइन नीति बनाउने ठाउँमा पनि आफ्नो उपस्थिति सुनिश्चित गर्नुपर्छ। नागरिक समाज, निजी क्षेत्र र सरकारी संयन्त्रमा युवाको भूमिका विस्तार हुनुपर्छ। राज्यका निर्णय प्रक्रियामा युवाको अनिवार्य सहभागिता कानूनी रूपमा सुनिश्चित गरिनुपर्छ। रोजगारी सिर्जना, शिक्षा सुधार, उद्यम प्रोत्साहन र प्रशासनिक पारदर्शितामा युवाको आवाज निर्णायक हुनुपर्छ।

जेनजी आन्दोलनले हामीलाई एउटा स्पष्ट सन्देश दिएको छ भावनाले परिवर्तनको सुरुवात गर्न सक्छ तर केवल संस्थागत संरचनाले त्यसलाई स्थायित्व दिन सक्छ। युवाहरूले बिर्सिएको मूल मुद्दा सामाजिक न्याय, अवसरको समानता र संरचनागत सुधार पुनः उठाउन सके भने मात्र यो आन्दोलनले देशको भविष्य बदल्न सक्छ। अन्यथा यो पनि नेपालका असंख्य आन्दोलनहरूजस्तै "असफल तर साहसी प्रयास"का रूपमा इतिहासमा सीमित हुनेछ।

आज नेपाल एउटा ठूलो प्रश्नको सामना गरिरहेको छ के हाम्रो युवा पुस्ता केवल डिजिटल क्रान्तिको उपभोक्ता बन्ने हो वा सामाजिक रूपान्तरणको वाहक बन्ने हो रु उत्तर युवाहरूले आफैं दिनुपर्छ। त्यसका लागि उनीहरूले आफ्ना आन्दोलनहरूलाई गहिरो, दीर्घकालीन र समावेशी बनाउनु आवश्यक छ। सामाजिक सञ्जालमा ट्रेन्ड चलाउनु मात्र पर्याप्त छैन परिवर्तनको ट्रेन्ड नीतिमा, संसदमा, शिक्षामा, उद्योगमा र शासनमा देखिनु जरुरी छ।

जेनजी आन्दोलनको नारा थियो "हामी परिवर्तन चाहन्छौं।" तर वास्तविक परिवर्तन तब मात्र सम्भव हुन्छ जब हामी संरचनाको भित्री भागमा प्रवेश गर्छौं। नेपालका युवाहरू अब नयाँ संविधानका पाना होइन नयाँ संस्कृतिका निर्माता बन्नुपर्छ जसमा न त वंशको दबाब होस् न त पुरानो सोचको एकाधिकार त्यो नयाँ संस्कृतिको जग बसाल्नका लागि युवाहरूले बिर्सिएको मूल मुद्दा सम्झिनै पर्छ अवसर सबैका लागि समान होस् शक्ति उत्तरदायी होस् र नागरिक स्वतन्त्रता संस्थागत रूपमा सुनिश्चित होस्।

यदि जेनजी आन्दोलनले आफ्नो दोस्रो चरणमा यही विषय पुनर्जीवित गर्न सक्यो भने यो आन्दोलन विरोधको प्रतीक होइन परिवर्तनको इतिहास बन्नेछ। तर यदि यो भावना फेसबुक र टेलिग्रामका स्टोरीमै सीमित रह्यो भने यसको ऊर्जा समयसँगै हराउनेछ। आन्दोलनलाई इतिहास होइन भविष्य बनाउने जिम्मा अब ती युवाहरूको काँधमा छ जसले पहिलोपटक सडकमा नारा लगाउँदा "हामी" भनेर बोलेका थिए त्यो "हामी" आज पनि नेपालको भविष्यको सबैभन्दा ठूलो आशा हो।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# गैंडातन्त्रको विरुद्ध पुनर्जागरणको शंखघोष गर्ने जेनजी विद्रोह



केशव खतिवडा

**पृष्ठभूमि:**

राजनीतिमा गैंडातन्त्र भन्नाले शक्तिशाली व्यक्तिहरूले (गैंडा जस्ता) आफ्नो स्वार्थको लागि राजनीति र राज्यसंयन्त्रलाई नियन्त्रण गर्ने शासन प्रणालीलाई जनाउँछ। राजनीति र शासन प्रणालीमा शक्तिशाली माफिया, दलाल, डन तथा स्वेतग्रेवीहरूको वर्चस्व रहेको अवस्थालाई आलोचनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले जनाउनको लागि प्रयोग गरिने शब्दावली नै गैंडातन्त्र हो। यसले लोकतन्त्रका आधारभूत मूल्य र मान्यतालाई नियन्त्रण गर्दछ। लोकतन्त्रलाई औपचारिकतामा सीमित गर्दछ। यस्तो शासन प्रणालीमा राजनीतिक तथा आर्थिक निर्णयहरू, सार्वजनिक नीतिहरू तथा राज्य सञ्चालनमा शक्तिशाली र स्वार्थी समूहको वर्चस्व रहेको हुन्छ। गैंडातन्त्रले त्यस्तो अस्वस्थ र बदनाम राजनीतिक वातावरणलाई बुझाउँछ, जहाँ लोकतान्त्रिक, कानूनी र प्रशासनिक मूल्य मान्यताहरू कमजोर हुन्छन् र शक्तिशाली व्यक्ति वा समूहको प्रभावबाट शासन व्यवस्था सञ्चालन हुने गर्छ। त्यसर्थ गैंडातन्त्र भनेको खराब प्रवृत्ति र मनोवृत्ति दुवै हो।

लोकतन्त्रलाई थप लोकतान्त्रिकरण गर्ने, संघीयतालाई पूर्णता प्रदान गरी सर्वस्वीकार्य बनाउने, आधारभूत मानवअधिकारको सुनिश्चित गर्ने, स्वतन्त्र र निष्पक्ष न्यायपालिका कायम राख्ने, जनसहभागिता र समावेशितालाई सुनिश्चित गर्ने, भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने, मौलिक अधिकारको ग्यारेन्टी गर्ने जस्ता लोकतन्त्रका आधार भूत मूल्य मान्यता, भावना, मर्म र आत्मालाई गैंडातन्त्रले आफ्नो चक्रव्यूहमा बन्दी बनाउँछ। ठिक यस्तै अवस्थाबाट नेपाल विगत तीन दशकदेखि कांग्रेस, कम्युनिस्ट र मधेसवादी दलहरूको कहिले एकल र कहिले गठबन्धन रहेको गैंडातन्त्री शासन प्रणालीबाट गुज्रँदै आएको थियो। जसको नेतृत्व पछिल्लो चरणमा ओली र देउवा जस्ता वृद्ध, अनुदारवादी, तानाशाही, पुरातनपन्थी र भ्रष्टहरूले गरेका थिए। लोकतन्त्रका विश्वव्यापी मूल्य र मान्यता विपरीत संसदको पहिलो र दोस्रो ठुलो दल मिलेर सरकार बनाएका थिए। राज्यका ती नै अङ्गहरूलाई निकम्मा बनाएका थिए। संसदले आवश्यक ऐन बनाएन। बनाए पनि तिन गैंडाहरूको हित अनुकूल हुने बनाए। न्यायालयले समयमै निष्पक्ष रूपमा न्याय सम्पादन गरेन। अख्तियारले चयनमुखी अभियोजन गर्न थाल्यो। कार्यपालिका त गैंडाहरूको छँदै थियो। यसरी मुलुक सम्पूर्ण हिसाबले असफल राज्य हुनेतर्फ उन्मुख थियो। तर बालुवाटार र बूढानीलकण्ठमा निरोहरू बाँसुरी बजाउँदै प्रधानमन्त्रीको सपनामा डुबेका थिए। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तिनै गैंडाहरूले प्रत्यक्ष वा परोक्ष रूपमा कब्जा गरेका थिए। नागरिकहरूको सुनुवाइ लगभग समाप्त भएको थियो।

जेनजी विद्रोहले गऱ्यो पुनर्जागरणको शंखघोषः

आजको विश्वव्यापीकरण र एआईको युगमा एउटा सचेत नागरिकले पलपलमा सूचना र प्रविधिको माध्यमबाट विश्वको अध्ययन, अवलोकन र भ्रमण गरिरहेको हुन्छ। विश्वका अधिकांश मुलुकहरूले अपनाएको उन्नत लोकतन्त्र र समृद्ध राष्ट्रसँग आफ्नो देशमा गैंडातन्त्रले सिर्जना गरेका तमाम र सीमाविहीन बेतिथिहरूको तुलनात्मक अध्ययन मुलुकका बौद्धिक वर्ग र जेनजीहरूले निरन्तर गरिरहेका थिए। तर मुलुकमा सन्तुष्टिका सूचकहरू शून्यप्रायः थिए। तर गैंडाहरूको अहङ्कार र घमन्ड भने डाँडो काट्दै गएको थियो। त्यसको ठिक विपरीत समाजमा असन्तुष्टि बढ्दै र थुप्रिँदै गएको थियो। आफ्नो अलोकप्रियतालाई ढाकछोप गर्न सकिन्छ कि भनेर भ्रष्ट र तानाशाहीको छवि बनाएको एमाले र कांग्रेसको सरकारले सामाजिक सञ्जालहरूलाई सूचीकृत गर्ने र करको दायरामा ल्याउने नाममा कुनै कूटनीतिक पहल विना हठात् रूपमा प्रतिबन्ध लगाएर मुलुकलाई अठारौँ शताब्दीतर्फ फर्काउने दुष्प्रयास गऱ्यो।

परिणामस्वरूप सर्वाधिक लोकप्रिय रहेका सामाजिक सञ्जालमार्फत संसारभरि गरिने सम्पर्कबाट नागरिकहरू वञ्चित हुन पुगे। अझ सूचना र प्रविधि तथा सामाजिक सञ्जालमा निर्भर रहने जेनजीहरूको पेशा, व्यवसाय, अध्ययन, रोजगारी तथा योजनाहरूलाई समाप्त गरिदियो। एकातर्फ गैंडातन्त्रले सिर्जना गरेको सेटिङ राज्य, त्यसमा पनि व्याप्त भ्रष्टाचार, बेथिति, बेरोजगारी, अनियमितता त छँदै थियो, हठात् रूपमा सामाजिक सञ्जाल बन्द भएपछि सूचना र प्रविधि नै जीवनको आधार भएका जेनजीहरू यसको विरुद्धमा शान्तिपूर्ण विरोध प्रदर्शन गर्नका लागि काठमाडौँ लगायत देशका प्रमुख सहरहरूका सडकमा उत्रिए। भदौ २३ र २४ गते दुवै दिन यो पङ्क्तिकार आन्दोलनको मुख्य केन्द्रबिन्दुको रूपमा रहेको बानेश्वरस्थित संसद भवन अगाडि रहेको सिभिल अस्पतालको दोस्रो तलाको छतबाट प्रत्यक्षदर्शीको रूपमा घटनालाई नियालिरहेको थियो। ०३६, ०४६ र ०६२/०६३ सालको आन्दोलनमा समेत कुनै न कुनै रूपमा सहभागी भएको यो पंक्तिकारले जीवनमा पहिलो पल्ट त्यस्तो अद्‌भुत, अमानवीय र क्रूर घटना देख्यो जहाँ स्कुल र कलेजको ड्रेसमा रहेका नवयुवाहरूको शान्तिपूर्ण जुलुसमा राज्यले भीड नियन्त्रण गर्ने नाममा स्थानीय प्रशासन ऐन २०२८ संशोधन सहितको दफा ६ को खण्ड ख बमोजिमको प्रक्रिया पूरा नगरी टाउको र छातीमा लाग्ने गरी पट्टटटटटटट गोली प्रहार गऱ्यो। भाग्दै गरेका विद्यार्थीहरूलाई समेत पछाडिबाट गोली प्रहार गरियो। मानौं घाइते मृग अगाडि भाग्दैछ, पछाडिबाट शिकारीले गोली दाग्दैछ। अश्रुग्याँसका सेलहरू यति फ्याँकिए कि अस्पतालका बिरामी समेत नराम्ररी प्रभावित भए।

एकैछिनमा टाउको र छातीमा गोली लागेर मृत्यु भइसकेका नवयुवाहरूको लाश र ठुलो संख्यामा घाइतेहरू सिभिल अस्पतालमा ल्याउँदा अस्पताल नै अस्तव्यस्त हुन पुग्यो। ट्रमा सेन्टर र वीर अस्पतालको अवस्था पनि उस्तै दर्दनाक थियो। लाग्थ्यो, देशमा यतिखेर पागल यमराजले राज गरिरहेको छ। भोलिपल्ट २४ गते देशव्यापी रूपमा जुन आगजनी र तोडफोड भयो, वास्तवमा त्यो २३ गतेको आततायी रूपमा भएको युवाहरूको नरसंहारको प्रतिवाद वा प्रतिक्रिया थियो। जसलाई भ्रष्ट र अपदस्थ सरकारले घुसपैठ र विदेशीको चलखेल भनी जेनजी विद्रोहलाई अपमान गर्नुका साथै आफ्नो कर्तुत लुकाउने दुष्प्रयास गऱ्यो। जहाँ क्रिया हुन्छ त्यहाँ प्रतिक्रिया हुन्छ – जुन विज्ञानको नियम हो। राज्यका जुन जुन निकायहरू तोडफोड र आगजनी भए, छातीमा हात राखेर भन्नु पर्दा ती निकायहरू पनि निष्पक्ष थिएनन्।

त्यस कारण पनि ती संरचनाहरूले क्षति व्यहोर्नु पऱ्यो। समग्रमा जेनजी विद्रोह सामाजिक सञ्जालमाथि लागेको प्रतिबन्ध विरुद्ध मात्र थिएन। यो त केवल तत्कालीन कारण मात्र थियो। जसको मूल कारण मुलुकमा लामो समयदेखि विद्यमान रहेको भ्रष्टाचार, अन्याय, अत्याचार, माफियाकरण, बेरोजगारी, दण्डहीनता, बेथिति, कुशासन, दलतन्त्र, गुटबन्दी जस्ता अनगिन्ती गैंडातन्त्रले सिर्जना गरेका कारणहरू थिए। लोकतन्त्रको बन्ध्याकरण हुँदै गएको थियो। त्यसर्थ जेनजी विद्रोहले गैंडातन्त्र र यसले सिर्जना गरेका तमाम विकृति र विसङ्गतिहरूको अन्त्य गर्दै नागरिकतन्त्रमा रूपान्तरण गर्नका लागि पुनर्जागरणको शंखघोष गरेको छ।

**कसरी गैंडातन्त्रको अन्त्य गर्ने ?**

गैंडातन्त्र एक हिसाबले परास्त भएर घाइते अवस्थामा गुण्डु र बुढानीलकण्ठमा छटपटाइरहेको छ। आफ्ना कर्तुत लुकाउनका लागि विभिन्न आरोप र अफवाह फैलाउँदै षड् यन्त्रको तानाबाना बुन्न तल्लीन छ। त्यसर्थ कसरी सदाका लागि गैंडातन्त्रको अन्त्य गर्ने र लोकतन्त्रलाई नागरिकतन्त्रमा रूपान्तरण गर्ने भन्ने सवाल समकालीन नेपाली राजनीतिमा अब एउटा आधारभूत सवाल बनेको छ। प्रजातन्त्रको उन्नत वा विकसित स्वरूप लोकतन्त्र हो भने लोकतन्त्रको उन्नत र विकसित स्वरूप नागरिकतन्त्र हो, जुन शासन व्यवस्थामा हरेक हिसाबले, हरेक क्षेत्रमा नागरिक सर्वोच्चता कायम भएको हुन्छ। जसको शंखघोष जेनजी विद्रोहले गरेको छ।

**गैडातन्त्र अन्त्य गर्ने उपायहरू**

१. नागरिक चेतना र सशक्तीकरणमा अभिवृद्धि गर्नेः आम नागरिकलाई राष्ट्रको वर्तमान बेथिति, दुर्गति र अधोगति कर्म र भाग्यको फल होइन, गैंडातन्त्रको परिणाम हो भन्ने विषयहरू उन्नत लोकतन्त्रका पक्षधर बौद्धिक वर्गहरूले विभिन्न माध्यमहरूद्वारा आम नागरिकहरूमा सचेतना अभिवृद्धि गर्दै नागरिकहरूको सशक्तीकरण गर्नुपर्छ। फ्रान्सेली राज्यक्रान्तिको समयमा जस्तै बौद्धिक क्रान्तिको लहर फैलाउनुपर्छ।

२. नागरिक निगरानी बढाउनेः विगतमा मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य मान्यता, आदर्श, भावना तथा मर्मअनुरूप सञ्चालन नभएको हुँदा अब उप्रान्त संविधानले प्रत्याभूत गरेका समानता, स्वतन्त्रता, कानूनी राज्य, आधारभूत मानवअधिकार, मौलिक हकहरू निर्बाध रूपमा कार्यान्वयन गर्दै यस्ता सार्वजनिक राष्ट्रिय महत्वका विषयहरूमा सचेत नागरिकहरूले स्वतःस्फूर्त रूपमा निगरानी बढाउनुपर्छ। अनियमितता र बेतिथिका विरुद्ध जिहाद छेड्नुपर्छ। आसन्न निर्वाचनमा आफ्नो मताधिकारलाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्छ। झोले, टिके, हुक्के, छाते तथा स्वदासताको मनोवृत्तिबाट मुक्त हुनुपर्छ।

३. दलभित्रको लोकतन्त्रलाई सुदृढ बनाउनेः मुलुक संवैधानिक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको दशकौं बितिसक्दा पनि दलभित्रको लोकतन्त्र भने सुषुप्त अवस्थामा रहेको छ। दाजुभाउजू, बा, दाइ, अल्पमत, बहुमत, गुट, जनवाद, केन्द्रीकृतता जस्ता प्राविधिक विषयले दलभित्रको लोकतन्त्रलाई गैंडाहरूले कब्जा गरेका छन्। त्यसर्थ राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्रलाई सुदृढ बनाउने, निश्चित समयपछि नेतृत्व हस्तान्तरण गर्ने जस्ता प्रणालीको विकास गर्न सृजनात्मक आलोचनाको परम्पराको संस्थागत विकास गर्दै लैजानुपर्छ।

४. नियमनकारी निकायहरूलाई स्वतन्त्र र शक्तिशाली बनाउनेः अनियमितता र बेतिथिको नियमन गर्ने संवैधानिक आयोगहरू, न्यायपालिका, शान्ति-सुरक्षा कायम गर्ने सुरक्षा निकायहरू जस्ता निकायहरूलाई स्वतन्त्र, पारदर्शी र शक्तिशाली बनाउनुपर्छ। ताकि यस्ता निकायहरू गैंडाहरूका कठपुतली होइन, दण्डाधिकारी बन्न सकून्।

५. नयाँ पुस्ताको नेतृत्वः पुराना गैंडा प्रवृत्ति र मनोवृत्तिका नेताहरूले नयाँ युगको सार्थक नेतृत्व गर्न सक्दैनन्। यदि उनीहरू लामो समय नेतृत्वमा रहे भने लोकतन्त्र मात्र चक्रव्यूहमा पुग्दैन, मुलुकको पनि ओरालो यात्रा सुरु हुन्छ। जस्तै वर्तमानमा भएको छ। त्यसर्थ हरेक दलमा युवाहरू नेतृत्वमा आउने अभियान चलाउनुपर्छ। समाजले पनि नयाँ विचार र नवप्रवर्तनले लेस भएका युवाहरूलाई प्रोत्साहन गर्नुका साथै समावेशी नेतृत्वलाई समेत सार्थक बनाउनुपर्छ।

६. मुद्दा केन्द्रित राजनीतिक र वैचारिक बहस चलाउनेः आजको युग कुनै वाद, जाति, धर्म, क्षेत्र तथा वर्गजस्ता परम्परावादी र स्वार्थकेन्द्रित राजनीतिको युग होइन। वर्ल्ड सिस्टम, ग्लोबल सिस्टम, बहुध्रुवीय प्रतिस्पर्धा, नागरिक पहिचान, रोबोटिक्स तथा अटोमेशनको युग हो। त्यसर्थ आजको राजनीति यिनै राष्ट्रिय र वैश्विक मुद्दाहरूमा रहेर वैचारिक बहस चलाउँदै अत्यधिक राष्ट्रिय हितलाई आपूर्ति गर्न सक्नुपर्छ।रातोपाटी

# सञ्चारमन्त्री खरेलसमक्ष कार्ययोजना पेस



काठमाण्डु । प्रेस काउन्सिल नेपालले आचारसंहिता एवं मिडिया अनुगमनलाई थप प्रभावकारी बनाउने भएको छ।

यसका लागि काउन्सिलले कार्ययोजना तयार गरेको छ । प्रस्तावित सो कार्ययोजना काउन्सिलका पदाधिकारी र कर्मचारीसहितको टोलीले सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसमक्ष पेस गरेको छ।

आइतबार सिंहदरबारस्थित मन्त्रालयमा सञ्चारमन्त्री खरेललाई आगामी कार्यक्रमको कार्ययोजना पेस गरेको हो । सो अवसरमा उहाँले काउन्सिलको अनुगमनलाई सहजीकरण गर्न मन्त्रालयले आवश्यक सहयोग गर्ने जानकारीदिनुभयो । उहाँले अनुगमन, तथ्य जाँच र निर्वाचन विशेष अनुगमनलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो।

प्रस्तावित कार्ययोजनाअनुरुप यही कात्तिकसम्म विशेष अनुगमन, मङ्सिरदेखि तथ्य जाँच तथा आगामी फागुन २१ गतेका लागि घोषित निर्वाचन सन्दर्भमा विशेष अनुगमन गरिनेछ। यसका लागि आवश्यक प्रस्तावित बजेट र कार्यक्रम ढाँचा पनि काउन्सिलले हस्तान्तरण गरेको छ।

काउन्सिलका सदस्य शन्तराम बिडारीका अनुसार काउन्सिलको आचारसंहितासम्बन्धी अनुगमनलाई विशेष रुपमा अनुगमन गर्न तथ्य जाँच र सरकारले निर्वाचन सफल पार्ने लक्ष्यमा निर्वाचनसम्बन्धी आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाउन प्रस्तावित कार्ययोजना पेस गरिएको छ । सञ्चारमन्त्री खरेलले हालै काउन्सिलको भ्रमणको सिलसिलामा काउन्सिलको कामलाई गतिशील र प्रभावकारी बनाउन आवश्यक कार्ययोजना ल्याउन निर्देशन दिनुभएको थियो। सोही अनुरुप काउन्सिलले कार्ययोजनासहित आफ्नो सक्रियता बढाएको हो ।रासस

# केन्द्रीय समितिको म्याद थप्न नहुने कांग्रेस विशेष महाधिवेशन पक्षधरको माग

काठमाण्डु । नेपाली कांग्रेसमा विशेष महाधिवेशन पक्षधरले केन्द्रीय समितिको म्याद थप्न नहुने माग गरेका छन् ।

पार्टीका नेता गुरु घिमिरे, मनोजमणि आचार्य, देवराज चालिसेलगायतले आइतबार पत्रकार सम्मेलन गरी कुनै पनि अवस्थामा केन्द्रीय समितिको म्याद थप्न नहुने बताउनुभएको हो ।पार्टीको वर्तमान नेतृत्वले अनावश्यक रूपमा केन्द्रीय कार्यसमितिको बैठक लम्ब्याउने, ढिलो गर्ने र नियमित प्रक्रियामा महाधिवेशन नगरी नेतृत्वमा बसिरहने अस्वाभाविक र अलोकतान्त्रिक अभ्यास गरिरहेको उहाँहरूको आरोप छ।



असोज २८ देखि प्रारम्भ भएको केन्द्रीय समिति बैठक शनिबारसम्म बसेर फेरि छठपछि अर्थात् कात्तिक १३ गतेका लागि बोलाइएको छ । पत्रकार सम्मेलनमा वक्ताहरूले बैठक विनाकारण लम्ब्याउने, ढिला गर्ने र आगामी बैठक पनि कहिले सम्पन्न हुने भनेर टुङ्गो नभएकाले वर्तमान कार्यसमितिको मनसाय नै समयमा नियमित महाधिवेशन नगर्ने र म्याद थप्नतर्फ उद्धत रहेको आरोप लगाउनुभयो ।

नेता आचार्यले वर्तमान केन्द्रीय कार्यसमितिको यस्तो प्रवृत्ति आपत्तिजनक रहेको र समयमा नियमित महाधिवेशन नगर्ने मनसायसहित यस्तो कार्य भइरहेको आरोप लगाउनुभयो । "राष्ट्रिय राजनीति अत्यन्त तीव्रताका साथ अगाडि बढिरहेको छ । यस्तो बेला तत्काल देशको अवस्थाअनुसार निर्णय दिनुपर्ने थियो, तर विलम्ब गर्ने, अल्मलिने र पार्टीको नयाँ नेतृत्व चयन गर्न ढिलाइ गर्न खोजिएको छ। यो गलत छ । यस्तो छुट कसैलाई छैन", उहाँले भन्नुभयो,"आगामी फागुन २१ गते घोषित प्रतिनिधिसभाको निर्वाचनअगावै पार्टी महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरी आगामी चुनावमा जानुको विकल्प छैन । राष्ट्रिय आवश्यकता महसुस गरी विशेष महाधिवेशन माग गरेका छौँ। यसको सुनुवाइ हुनुपर्छ।"

पार्टी नेता घिमिरेले केन्द्रीय कार्यसमितिले अस्वाभाविक रूपमा कार्यसमिति बैठक लम्ब्याएको आरोप लगाउनुभयो । उहाँले कार्यसमितिको बैठक अस्वाभाविक रूपमा लम्ब्याइएको भन्दै केन्द्रीय कार्यसमिति महाधिवेशनभन्दा ठूलो नभएकाले महाधिवेशन प्रतिनिधिको आदेशलाई पालना गर्नुपर्नेमा जोड दिनुभयो।

"विभिन्न राजनीतिक दल र कम्युनिष्ट पार्टीले आगामी मङ्सिरमा महाधिवेशन गर्ने निर्णय गरिसकेका छन्। आफूलाई विश्वको प्रजातान्त्रिक आन्दोलनको नमुना पार्टी भनेर दाबी गर्छौं, उचित निर्णय गरेर देशलाई निकास दिनुपर्नेमा हामी अल्मलिरहेका छौँ, हामीलाई केले रोक्यो ?", घिमिरेले प्रश्न गर्नुभयो। उहाँहरूले विधानअनुसार वर्तमान कार्यसमितिले महाधिवेशन गर्नुपर्ने र बहुसङ्ख्यक महाधिवेशन प्रतिनिधिको मतको कदर गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# प्राधिकरणको भवन काठमाडौं जिल्ला अदालतलाई दिने निर्णय प्रधानमन्त्रीबाट सदर

काठमाण्डु । बबरमहलस्थित नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालयको 'एनेक्स' भवन काठमाडौँ जिल्ला अदालतलाई दिने निर्णय गरिएको छ।

महानिर्देशक प्रदीप अधिकारीले प्राधिकरण सञ्चालक समितिको असोज ३० गतेको बैठकले अदालतसँग करार गरी उक्त भवन दिने निर्णय गरेको जानकारी दिनुभयो। सञ्चालक समितिले उक्त निर्णयमा सञ्चालक समितिका अध्यक्ष एवं प्रधानमन्त्री सुशीला कार्कीले आइतबार हस्ताक्षर गर्नुभएको छ।



निर्णयमा लेखिएको छ, "२०८२ भदौ २३ र २४ मा भएको प्रदर्शनका क्रममा काठमाडौँ जिल्ला अदालतको भवनमा क्षति हुन गई कार्य सञ्चालनमा बाधा पुगेको, सर्वोच्च अदालत एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट समेत उक्त भवन जिल्ला अदालत काठमाडौँलाई तत्काल उपलब्ध गराई सेवा सञ्चालनमा सहजीकरण गर्न प्राधिकरणलाई अनुरोध भई आएको सन्दर्भमा अर्को व्यवस्था नभएसम्मका लागि बबरमहलस्थित प्राधिकरणको मूल भवनको पूर्वतर्फको 'ब्लक बी' भवन दुई पक्ष (काठमाडौँ जिल्ला अदालत र प्राधिकरण) बीच आवश्यक सम्झौता गरी काठमाडौँ जिल्ला अदालतको सेवा सञ्चालन गर्न दिने ।"

काठमाडौँ जिल्ला अदालत र सँगै रहेको प्राधिकरणको मूल भवन आजगनीका कारण क्षतिग्रस्त छन् ।रासस

# शङ्का लागेमा मेरो सम्पत्ति छानबिन गरियोस: अध्यक्ष ओली



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नोसहित शङ्का लागेका सबैको सम्पत्ति निष्पक्ष ढङ्गबाट छानबिन गर्न माग गर्नुभएको छ।

प्रेस चौतारी नेपालद्वारा आइतबार आयोजित सम्पादकहरूसँगको संवाद कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले आफूले एक पैसा पनि भ्रष्टाचार नगरेको र सुशासनका पक्षमा सदैव दृढ रहेको जनाउँदै सम्पत्ति छानबिनका लागि आफू तयार रहेको स्पष्ट गर्नुभयो। उहाँले बेथिति, विकृति र भ्रष्टाचार अन्त्यसहित सुशासन र सामाजिक सञ्जाल सञ्चालनको मुद्दा उठाएर जेनजी समूहले गरेको शान्तिपूर्ण आन्दोलनमा घुसपैठ भई धनजनको क्षति भएको प्रसङ्ग उल्लेख गर्नुभयो।

"म कुनै आवेग र आक्रोसमा भन्दा सत्य स्थापित होस् भन्ने चाहन्छु। म हरेक नागरिकले सम्मानजनक जीवन बाँच्न पाउनुपर्छ र मुलुकमा समृद्धि, समानता र शान्ति कायम हुनुपर्दछ भनी देश र जनताप्रति सदैव बफादर हुँदै आएको छु। सत्यप्रतिको मूल्यमान्यताबाट कहिल्यै विचलित हुन्न", अध्यक्ष ओलीले भन्नुभयो, "सत्यको पक्ष लिँदा अहङ्कार र दम्भको भाषा बोल्यो भन्ने पर्न सक्छ। उक्त घटनाको यथार्थ क्रमशः खुल्दै जाला, हामी जनताको शान्ति, न्याय र लोकतन्त्रका पक्षमा कसैसँग सम्झौता नगरी लागिरहने छौँ।"रासस

# असाधारण र जटिल परिस्थितिमा पार्टीको भूमिका बढेको छः दाहाल

पाटन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अहिलेको परिस्थिति असाधारण र जटिल रहेको उल्लेख गर्दै अप्ठ्यारो परिस्थितिमा पार्टीको भूमिका बढेको बताउनुभएको छ।

माओवादी केन्द्र ललितपुर महानगरपालिका समितिको आयोजनामा आइतबार महालक्ष्मीस्थानमा भएको नेपाल संवत् ११४६ को उपलक्ष्यमा आयोजित शुभकामना आदनप्रदान, चियापान तथा भेटघाट कार्यक्रममा उहाँले अहिलेको अवस्थामा पार्टीलाई ठूलो जिम्मेवारी आएकाले १० बुँदे मार्गदर्शन जारी गरिएको बताउनुभयो।

"गत भदौ २३ गते जेनजीले बेथिति, भ्रष्टाचार र कुशासनको विरुद्धमा आन्दोलित भएर राजनीति र देशप्रतिको मायाका साथै सुधारका लागि शक्ति प्रदर्शन गरेको हो, तर भदौ २४ गतेको आन्दोलनले देशमा कति खतरनक ढङ्गले गलत प्रवृत्तिको विकास हुँदैछ भन्ने पनि शिक्षा दिएको छ, यो हामीले बुझ्नुपर्छ, त्यसपछि हामी सबैले मुलुकमा राज्यविहीनताको अवस्थालाई अन्त्य गर्न भूमिका निर्वाह गर्यौं", उहाँले भन्नुभयो।

संयोजक प्रचण्डले जेनजी आन्दोलनका माग पनि पार्टीकै माग भएकाले आफूहरुले समर्थन गरेको उल्लेख गर्दै युवाको चाहाना र भावनाअनुसार पार्टी रुपान्तरण हुनुपर्नेमा जोड दिनुभयो।




**"परिवर्तित परिस्थितिमा पनि रुपान्तरण हुने पार्टी माओवादी हो, जेनजी युवासँग पनि निरन्तर संवाद र छलफल भइरहेको छ, संविधान संशोधन गरेर उनीहरुले बुझ्नुपर्छ, क्रान्तिकारीहरुले दुष्मन र मित्र चिन्नुपर्छ, यो कुरा नवयुवाहरुले बुझ्नुपर्छ"**

"परिवर्तित परिस्थितिमा पनि रुपान्तरण हुने पार्टी माओवादी हो, जेनजी युवासँग पनि निरन्तर संवाद र छलफल भइरहेको छ, संविधान संशोधन गरेर उनीहरूले बुझ्नुपर्छ, क्रान्तिकारीहरूले दुष्मन र मित्र चिन्नुपर्छ, यो कुरा नवयुवाहरूले बुझ्नुपर्छ", उहाँले भन्नुभयो।

उहाँले सुशासन, सामाजिक न्याय, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको विषयमा आमजनता र युवालाई बुझाउन आवश्यक रहेको बताउनुभयो। "लेनिनले भनेको जस्तो क्रान्तिकारी पार्टीले र नेताले मात्र गल्ती स्वीकार गर्छन्, बुर्जुवा र प्रतिक्रान्तिहरूले गल्ती स्वीकार गर्दैनन्, जनताको नेतृत्व गर्ने पार्टीका रूपमा हामी फेरि रुपान्तरण हुनुपर्नेछ, भ्रष्टाचारीको संरक्षण गर्नेहरू र क्रान्तिकारीहरू एकै हैनन्", उहाँले भन्नुभयो।

उहाँले प्रतिक्रियावादी र प्रतिक्रान्तिवादीहरूले पूर्वसभामुख कृष्णबहादुर महरालाई गलत सन्देश, बेइमानी र षड्यन्त्रको सुरुआत गरेको धारणा राख्नुभयो । संयोजक प्रचण्डले पार्टीको नेतृत्वमा को हुनुपर्छ वा को हुनुहुँदैन भनेर पत्रकारहरूले भन्ने हैन भन्दै त्यसको निराकरण सम्बन्धित पार्टीका सदस्यहरूले गर्ने विषय भएकामा ध्यानाकर्षण गराउनुभयो।

केन्द्रीय महाधिवेशन आयोजक समिति सदस्य एवं पूर्वमन्त्री पम्फा भुसालले जनताका अधिकतम अधिकारलाई प्रत्याभूति गर्ने संविधान लेखेको उल्लेख गर्नुभयो । उहाँले समाजवादी जनक्रान्ति सफल बनाउन जेनजी समूहका नवयुवा पुस्ताले गरेको मागअनुसारको सुशासन र समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै लैजानुपर्नेमा उहाँको जोड थियो।

उहाँले दशवर्षे जनआन्दोलनमा समेत नभएको विध्वंस जेनजी आन्दोलनमा संविधान र व्यवस्था मास्ने षड्यन्त्रविरुद्ध राष्ट्रपतिले खेलेको भूमिकाले आन्दोलनलाई शान्त बनाएको बताउँदै फागुन २१ गतेको निर्वाचनलाई सफल बनाउन आवश्यक रहेको बताउनुभयो।

नेकपा (माओवादी केन्द्र) ललितपुर महानगर इन्चार्ज एवं संविधानसभा सदस्य राजकाजी महर्जनले पार्टीलाई उत्साहका नयाँ खालको जिम्मेवारीमा रुपान्तरण गर्न सन्देश प्रवाह गर्ने उद्देश्यका साथ विशेष कार्यक्रम आयोजना गरिएको बताउँदै तल्लो तहसम्म नयाँ कार्ययोजनासहित अगाडि बढ्ने प्रतिबद्धताका साथ क्रियाशील रहेको जानकारी गराउनुभयो । ललितपुर महानगर समितिका अध्यक्ष रवीन्द्र महर्जनले पार्टीलाई समुदायमा स्थापित गराउँदै जानुपर्नेमा जोड दिनुभयो ।रासस

# बागमती प्रदेशका मुख्यमन्त्री बानियाँद्वारा घर हस्तान्तरण

मकवानपुर। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफूले पाउने सेवासुविधाबाट निर्माण गरिदिनुभएको घर मकवानपुरको मनहरी गाउँपालिका-९ की मिठुमाया सुनारलाई हस्तान्तरण गर्नुभएको छ। आइतबार यहाँ एक कार्यक्रम आयोजना गरी उहाँले घरको साँचो हस्तान्तरण गर्नुभएको हो।

सो अवसरमा मुख्यमन्त्री बानियाँले समाजमा उपेक्षित तथा आर्थिक अभावको कारणबाट कठिनाइ भोगिरहेका विपन्न जनताका लागि सामाजिक न्याय दिलाउन आफूले पहल थालेको उल्लेख गर्नुभयो । उहाँहरूलाई सम्मानजनक जीवनयापन गराउन, विकासको पूर्वाधारणलाई पारदर्शी बनाउँदैती वर्गलाई उपलब्ध गराउने उद्देश्यले आफू राजनीतिमा होमिएको उहाँको भनाइ छ।

मुख्यमन्त्री बानियाँले सरकारले प्रदेशका १३ जिल्लामा क्रमशः रु दश लाख भन्दामाथिका विभिन्न टुक्रे आयोजनालाई अब ठेक्का प्रणालीबाट निर्माण गर्ने नीति तर्जुमा गरिसकेको जनाउनुभयो । मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले पालिकाको दुर्गम भेगमा बसोबास गर्ने विपन्न नागरिकलाई खानेपानीको धारा वितरण गर्नुका साथै अति विपन्न, दलित, आदिवासी, जनजाति र चेपाङलाई आवश्यकताअनुसार आयआर्जनका लागि मौसमी तरकारी, चिउरीखेती लगाउन आर्थिक सहयोग उपलब्ध गरेको जानकारी दिनुभयो।



घरको साँचो लिँदै सुनारले पतिको केही वर्षअघि निधन भएको बताउँदै एकमात्र छोरा पनि अपाङ्गताका कारण बेसाहरा भएको उल्लेख गर्नुभयो । सुनारको घर पानी चुहिने, झुप्रो भएकाले स्थानीयले मुख्यमन्त्री बानियाँलाई जानकारी दिएपछि उहाँले आफ्नो निजी खर्चमा घर बनाइदिनुभएको मुख्यमन्त्रीको प्रेस संयोजक सुजन बिडारीले जानकारी दिनुभयो।

मुख्यमन्त्री बानियाँको सेवासुविधाबाट प्राप्त रकममध्ये रु चार लाखको लागतमा तीन कोठा, शौचालय र नुहाउने कोठासहितको घर निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष कालाखेती जानकारी दिनुभयो।

मुख्यमन्त्रीको खर्चमा राक्सीराङ गाउँपालिका-९ इन्द्रदङका सुमन सिं चेपाङ प्रजाका लागि निमार्णाधीन घर अहिले द्रुतगतिमा काम भइरहेको बानियाँका स्वकिय सचिव मिलन पुडासैनीले बताउनुभयो । यही कात्तिकको अन्तिम सातासम्ममा प्रजालाई सो घर हस्तान्तरण गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो।

बानियाँ नेतृत्वको पहिलो मन्त्रिपरिषद् बैठकले प्रदेशभरमा आर्थिक रूपमा पछाडि परेका जेहेन्दार विद्यार्थीलाई मेडिकल शिक्षा अध्ययन गर्नका लागि पूर्ण छात्रवृत्ति दिने र चेपाङ, दलित, बोटे, जिरेल हायु, वनकरियालगायत अति विपन्न समुदायका लागि गाँस, बास र कपासको व्यवस्थापन गर्ने विषयलाई उच्च प्राथामिकतामा राखिएको बागमती प्रदेश सामाजिक मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले बताउनुभयो ।रासस

# 'महाकवि देवकोटा सङ्ग्रहालयलाई सरकारले सञ्चालन गर्नुपर्छ'

काठमाण्डु । महाकवि लक्ष्मीप्रसाद देवकोटाको घरमा बनाइएको सङ्ग्रहालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नै सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ।

महाकवि देवकोटाको ११७औँ जन्मजयन्तीका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानले आइतबार मैतीदेवीस्थित सङ्ग्रहालयमा आयोजना गरेको व्यक्तित्व चर्चा तथा कविता वाचन कार्यक्रममा कुलपति भूपाल राईले मन्त्रालयले सञ्चालन गरेमा यसको गरिमा बढ्ने बताउनुभएको हो । २०७९ सालमा लक्ष्मी जयन्तीकै अवसर पारेर सङ्ग्रहालय शुभारम्भ गरिए पनि अझै धेरैले यसका बारेमा जानकारी नपाएको उहाँले सुनाउनुभयो।

उहाँले भन्नुभयो, "यो अझै सङ्ग्रहालय भइसकेको छैन, सङ्ग्रहालय हुन जस्तो छ, त्यस्तै बनाइनुपर्ने थियो, तर त्यस्तो बनाइएन, म यो घरमा २०३८, २०३९ सालतिर आएको थिएँ, त्यसबेला भएजस्तो घर यो रहेन, डिल्लीरमण रेग्मी पुस्तकालय शिक्षा मन्त्रालयले नै चलाएजस्तै यो पनि संस्कृति मन्त्रालयले चलाउनुपर्छ।"

नेपालमा सङ्ग्रहालय बुझ्ने सांस्कृतिक चेतना नहुँदा पनि अप्ठ्यारो भएको उहाँले सुनाउनुभयो। सङ्ग्रहालय बुझ्नेगरी सांस्कृतिक चेतना फैल्याउनुपर्ने कुलपति राईको भनाइ छ । लक्ष्मी जयन्तीमा पहिलोपटक राजवंशी भाषाको पनि कविता वाचन गरेर बहुभाषिक कार्यक्रम गरिएको प्रतिष्ठानले जनाएको छ।

महाकवि देवकोटाका सुपुत्र प्रा डा पद्मप्रसाद देवकोटाले लक्ष्मीप्रसाद देवकोटाले कवितामा प्रयोग गर्ने मिथकमा आफूले आध्यात्मिकता पाएको बताउनुभयो । महाकवि देवकोटामा कल्पना, भाषाको प्रयोग र दूरदर्शिताको क्षमता आफूले पाएको पनि उहाँले स्मरण गर्नुभयो।

महाकवि देवकोटाका बारेमा अवधारणापत्र प्रस्तुत गर्नुहुँदै डा बालकृष्ण अधिकारीले निधन भएपछि पनि धेरैले मनदेखि श्रद्धा गरेका व्यक्तित्वका



रुपमा आफूले लक्ष्मीप्रसादलाई पाएको बताउनुभयो । महाकवि देवकोटाका बारेमा दर्जन बढी व्यक्तिले विद्यावारिधि शोध तयार पारेको उहाँले सुनाउनुभयो । लक्ष्मीप्रसाद देवकोटाले नै नेपालमा पहिलो मौलिक महाकाव्य शाकुन्तलको रचना गर्नुभएको थियो । अवधारणापत्रमाथि टिप्पणी गर्नुहुँदै समालोचक सुधा मैनालीले महाकवि देवकोटा विश्व साहित्यमा नै योगदान गरेका व्यक्तित्वका रुपमा दर्ज हुनुभएको बताउनुभयो।

सो अवसरमा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं काव्य विभाग प्रमुख बाबा बस्नेतले साहित्य संस्कृतिको अभिव्यक्तिका रुपमा रहेको बताउनुभयो। कार्यक्रममा कवि एवं कवयित्रीहरु प्रभा भट्टराई, मनोज न्यौपान। रासस

# नेपाल संवत्लाई नेपाली नोटमा समावेश गराइने

भक्तपुर। यस वर्षदेखि नेपाली नोटमा नेपाल संवत्को मिति उल्लेख गरिने भएको छ।

शङ्ख धर साख्वाः प्रतिष्ठान भक्तपुरले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाल संवत् ११४६ नयाँ वर्षको दिन आगामी ५ गते बुधबार प्रधानमन्त्री सुशीला कार्कीद्वारा शङ्ख धर साख्वाःको शालिकमा हुने माल्यार्पण कार्यक्रममा त्यसको औपचारिक घोषणा गर्ने गरी सहमति भएको जानकारी दिइयो।

प्रतिष्ठानका अध्यक्ष ज्ञानराम श्रेष्ठले प्रधानमन्त्रीसँगको छलफलमा त्यसबारे सहमति भएको र बुधबार औपचारिक घोषणा गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "नेपाल संवत् नेवारहरूको मात्रै होइन, सिङ्गो नेपाल र सबै नेपालीको आफ्नै मौलिक संवत् हो। यसबारेमा प्रधानमन्त्रीसँग छलफल भयो र बुधबारको कार्यक्रममा घोषणा गर्ने तयारी छ।"

अध्यक्ष श्रेष्ठले नेपाल संवत्को नयाँ वर्षको दिन बुधबार प्रधानमन्त्री कार्कीबाट कार्यक्रमको उद्घाटन भई शङ्ख धर साख्वाको शालिकमा माल्यार्पण गर्ने कार्यक्रम रहेको बताउनुभयो। रासस


जनकपुरटुडे



# बलिउडको अमर प्रेमकथा 'डिडिएलजे'- ३० वर्षपछि पनि जादू यथावत्

एएफपी

मुम्बई । भारतीय चलचित्र इतिहासमा एक अमर प्रेमकथाका रूपमा स्थापित बलिउड फिल्म ' दिलवाले दुल्हनिया ले जाएङ्गे' (डिडिएलजे) ले सोमबार आफ्नो अविश्वसनीय यात्रा–एकै सिनेमाघरमा लगातार ३० वर्ष–पूरा गर्दै नयाँ कीर्तिमान कायम गरेको छ ।




सन् १९९५ अक्टोबर २० मा रिलिज भएको यो चलचित्र आज पनि मुम्बईको मराठा मन्दिर थिएटरमा दैनिक प्रदर्शन भइरहेको छ । त्यहाँ हरेक बिहान ११:३० बजे दर्शकहरूको उत्साह कहिल्यै घटेको छैन ।६० वर्षीय मोहम्मद शाकिरले मुस्कुराउँदै भन्नुभयो, "मैले यो चलचित्र झन्डै ३० पटक हेरेको छु... अझै पनि हेर्छु ।" केवल ४० रुपैयाँ (करिब ०.४५ अमेरिकी डलर) तिरेर टिकट किन्न आउने उहाँ जस्ता दर्शकहरूले नै यो फिल्मलाई जीवित राखेका छन् ।

शाहरुख खान र काजोल अभिनीत यस चलचित्रले शाहरुखलाई सुपरस्टारको उच्चतामा पुऱ्यायो र आधुनिक हिन्दी रोमान्सको परिभाषा नै परिवर्तन गऱ्यो । सिनेमाघरका प्रमुख मनोज देसाई भन्नुहुन्छ, "हप्तादिनमा प्रायः कलेजका विद्यार्थी र युवा दम्पतीहरू आउँछन्, तर आइतबार त ३० वर्षपछि पनि करिब ५०० दर्शक उपस्थित हुन्छन् ।"मराठा मन्दिरमा निरन्तर प्रदर्शन हुँदै आएको यो फिल्म एक हजार ५०० हप्ताभन्दा बढी समयदेखि चलिरहेको छ । यसले एक समयको सुपरहिट एक्सन-थ्रिलर 'शोले' को कीर्तिमानलाई समेत पछि पारिसकेको छ ।

फिल्मले विदेशमा रहेका दोस्रो पुस्ताका भारतीयहरूको उदार मूल्य र उनीहरूका आमाबाबुको परम्परागत सोचबीचको द्वन्द्वलाई प्रभावशाली रूपमा चित्रण गर्छ । यसको प्रसिद्ध दृश्य–जहाँ नायिका आफ्नो प्रेमीको हात समात्न रेलको छेउमा दौडिन्छिन्–आज पनि दर्शकहरूलाई 'गुजबम्प्स' (आङ सिरिङ्ग बनाउने) दिने क्षण बनेको छ । देसाईका शब्दमा, "त्यो दृश्य बुबाले आफ्नी छोरीलाई आफ्नो निर्णय गर्ने स्वतन्त्रता दिएको क्षण हो र त्यही भावनाले हरेकको हृदय छोएको छ ।"

केही दर्शकका लागि डिडिएलजे जीवनकै हिस्सा बनिसकेको छ । "एक महिला त २० वर्षदेखि हरेक हप्ता आउँछिन्", देसाईले हाँस्दै भन्नुभयो, "हामी उनलाई कुनै विशेष सुविधा दिँदैनौं–उनी टिकटको मूल्य तिर्छिन् । यस्तो समर्पित संरक्षक कहाँ भेटिन्छ ?"

नयाँ पुस्ता पनि यस फिल्मप्रति समान आकर्षित छ । "आजको पुस्तामा सम्बन्ध प्रायः लेनदेनमा सीमित छन्, तर यस फिल्ममा नायकले बिना कुनै अपेक्षा प्रेमका लागि सबै सीमाहरू पार गर्छ", फिल्म रिलिज हुँदा नजन्मिएका २३ वर्षीय ओमकार सराफ भन्नुहुन्छ, "टेलिभिजन वा मोबाइलमा भन्दा ठूलो पर्दामा हेर्दा यो फिल्म अझै गुदगुदी दिन्छ ।"

फिल्मले केहीका वास्तविक प्रेमकथामा पनि छाप छोडेको छ । "एक दम्पतीले डेटिङका क्रममा यो चलचित्र हेरेका थिए र पछि आफ्नो विवाहमा मलाई निम्त्याए", देसाईले भन्नुभयो, "उनीहरू हनिमुनका लागि विदेश गएका थिए–र फर्केर फेरि यही फिल्म हेरे ।"

सन् २०१५ मा मराठा मन्दिरमा यसको प्रदर्शन बन्द गर्न खोजिएको थियो तर दर्शकहरूको विरोध र भावनात्मक आग्रहपछि त्यो योजना रोकिएको थियो । थिएटर आज पनि पुरानै आकर्षणसहित विद्यमान छ–भापमा पाकेको चिया, तात्तातो समोसा र पुरानो शैलीका टिकट काउन्टरले दर्शकलाई पुरानो मुम्बईको स्वाद दिलाउँछ । बम्बई सेन्ट्रल स्टेशन नजिकैको यसको स्थानका कारण यात्रुहरूले पनि प्रस्थान अघि फिल्म हेर्ने परम्परा कायम राखेका छन् ।

स्पेनकी पर्यटक केली फर्नान्डिजले भन्नुभयो, "भाषा बुझ्नेनौं, तर सङ्गीत, नृत्य र वेशभूषाले मन छुन पुग्यो । यो रोमियो एन्ड जुलियट जस्तै हो, तर सुखद अन्त्यसहित ।"फिल्म समीक्षक भारद्वाज रङ्गनका अनुसार डिडिएलजे भारतको सांस्कृतिक यात्राको प्रतीक हो–जहाँ नयाँ र पुराना मूल्यहरूबीचको द्वन्द्वलाई यसले कुशलतापूर्वक समेटेको छ । "यो चलचित्र केवल मनोरञ्जन होइन, भारतको सांस्कृतिक स्मारक बनेको छ", उहाँले भन्नुभयो, "मलाई विश्वास छ–यो फिल्म सायद सदाका लागि पर्दामा चलिरहनेछ ।"

तीस वर्षपछि पनि डिडिएलजे केवल एउटा चलचित्र होइन–प्रेम, स्मृति र भारतीय पहिचानको जीउँदो प्रतीक बनेको छ, जसले बलिउडको रोमान्सलाई अझ बलियो बनाउँदै लगेको छ ।

# वनदेवी माई अध्यक्ष गोल्डकपमा बर्दिवास विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिका-२ स्थित सितापुर खोरियास्थित मधेश प्रदेशस्तरिय फुटवल म्याचको आइतवार भएको उद्घाटन खेल जनसेवी फुटवल क्लव बर्दिवासले जित हासिल गरेका छन् । कटारी फुटवल क्लव उदयपुर र जनसेवी फुटवल क्लव बर्दिवासविच भएको थियो । बर्दिवास टिमले २ गोल लगाए पनि उदयपुर टिमले गोल फर्काउन सकेनन् ।

वनदेवी माई खेल मैदानमा आइतवारदेखि शुरु भएको खेलको उदघाटन बटेश्वर गाउँपालिका अध्यक्ष रामअशिष महतो, उपाध्यक्ष फुल कुमारी सिंहले गरेका थिए । वनदेवी माई युवा क्लवका अध्यक्ष नरेन्द्र प्रसाद रायको अध्यक्षतामा आयोजित उदघाटन समारोहमा बटेश्वर गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष, वडा अध्यक्षलगायत विभिन्न क्षेत्रका विशिष्ट ब्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

मंगलवारमा हुने खेलमा रोमन फुटवल क्लव हरिवन सर्लाही र धनुषा जिल्ला फुटवल संघ धनुषाविच हुने स्थानिय युवा अजय कारकले बताए । खेलमा धनुषा, महोत्तरी, सर्लाही, उदयपुर, सिरहा, पर्सा, सिन्धुली र आयोजक संस्थाको टिमको सहभागिता रहनेछ ।

फाइनल खेल कार्तिक ११ गते हुनेछ । खेल विजेता टिमलाई मेडलसहित नगद १ लाख पचास हजार र उपविजेता टिमलाई मेडलसहित ५५ हजार नगद पुरस्कारले सम्मान गरिने आयोजकले जनाएको छ ।

# अमेरिकाभर 'नो किङ्स' ऱ्याली, ट्रम्पको अधिनायकवादी शैलीविरुद्ध लाखौं प्रदर्शनकारी सडकमा

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कठोर नीति र अधिनायकवादी व्यवहारविरुद्ध शनिबार देशभरै 'नो किङ्स' नामक विशाल प्रदर्शन गरिएको छ ।

सबै ५० अमेरिकी राज्यका सहर-सहरमा लाखौं मानिस लोकतन्त्रको पक्षमा र राष्ट्रपति ट्रम्पको नीतिविरुद्ध सडकमा उत्रिएका थिए । आयोजकहरूका अनुसार न्युयोर्कदेखि लस एन्जलससम्म फैलिएको यो आन्दोलनमा करिब ७० लाखभन्दा बढी नागरिकले सहभागिता जनाएका थिए । फ्लोरिडास्थित ट्रम्पको निवास नजिक र अमेरिकी हार्टल्यान्डका साना सहरहरूमा समेत विरोध प्रदर्शन भएका थिए ।

वासिङ्टनस्थित अमेरिकी क्यापिटल नजिकै हजारौं प्रदर्शनकारीले 'लोकतन्त्र यस्तो देखिन्छ !' भन्ने नारा लगाउँदै सरकारको दीर्घकालीन बन्द (शटडाउन) विरुद्ध पनि आक्रोश प्रकट गरेका थिए । रङ्गीन भन्ने सन्देशले नागरिकको ध्यान खिचेको थियो । प्रदर्शन अधिकांश ठाउँमा शान्तिपूर्ण रहे पनि लस एन्जलसको डाउनटाउनमा केही भिड नियन्त्रणका क्रममा प्रहरीले गैरघातक गोली र अश्रुग्याँस प्रयोग गरेको लस एन्जलस टाइम्सले जनाएको छ । लस एन्जलस प्रहरीले 'कानूनी आदेशपछि प्रदर्शनकारीहरूलाई तितरबितर गरियो' भने पनि गिरफ्तारीबारे विवरण सार्वजनिक गरिएको थिएन ।

न्युयोर्कमा करिब एक लाखभन्दा बढी र वासिङ्टनमा आठदेखि १० हजारसम्म प्रदर्शनकारीको भीड अनुमान गरिएको थियो । आयोजकहरूको उपस्थिति तथ्याङ्क स्वतन्त्र रूपमा पुष्टि हुन सकेको थिएन ।

राष्ट्रपति ट्रम्पले भने आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत प्रतिक्रिया दिँदै आफूलाई राजाको रूपमा चित्रण गर्ने एआई-निर्मित भिडियोहरूको शृङ्खला सार्वजनिक गर्नुभयो । एउटामा उहाँलाई मुकुट



पोस्टरहरूमा 'लोकतन्त्रको रक्षा गरौं' भन्ने सन्देश झल्किन्थ्यो भने कतिपयले आप्रवासीमाथि दमन गर्ने अध्यागमन तथा भन्सार प्रवर्तन (आइसिई) निकायको अन्त्य गर्न माग गरेका थिए ।

न्युयोर्ककी ६९ वर्षीया सेवानिवृत्त कोलिन हफम्यानले आँसु झर्दै भन्नुभयो, "लोकतान्त्रिक देशको मृत्यु आफ्नै आँखाबाट हेर्नुपर्ने दिन आउनेछ भन्ने मैले कहिल्यै सोचेकी थिइनँ । हामी अहिले सङ्कटमा छौं – यो शासनको क्रूरता र अधिनायकवादले हामीलाई घुँडा टेकाउन खोजिरहेको छ ।"

लस एन्जलसमा प्रदर्शनकारीहरूले डाइपर लगाएको ट्रम्पको विशाल बेलुन आकाशमा उडाए । कतिपयले हालैका विश्वव्यापी विरोधहरूमा प्रचलित 'खोपडी लोगो' अङ्कित झण्डा फहराएका थिए । ह्युस्टनमा 'अज्ञानताविरुद्ध लडौं, आप्रवासीविरुद्ध होइनौं' लगाएर लडाकू जेट उडाउन र विरोधीहरूलाई अपमानित गर्ने दृश्य देखाइएको थियो । उहाँका सहयोगीहरूले पनि प्रदर्शनलाई 'घृणा अमेरिका ऱ्याली' भन्दै व्यङ्ग्य गरेका थिए । सदनका अध्यक्ष माइक जोनसनले प्रदर्शनकारीहरूलाई ' मार्क्सवादी, समाजवादी र हमास समर्थक वामपन्थीहरू' को मिश्रण भएको बताउनुभयो ।

तर प्रदर्शनकारीहरूले ती आरोपलाई हास्यात्मक रूपमा खारेज गरे । वासिङ्टनमा सहभागी ६३ वर्षीया पाओलोले भन्नुभयो, "यदि यो घृणा हो भने ती आलोचकहरूलाई फेरि विद्यालय फर्किनु पर्छ ।" अर्का प्रदर्शनकारी ३४ वर्षीय सफ्टवेयर इन्जिनियर टेमीले भन्नुभयो, "हामीमाथि दक्षिणपन्थीहरूले घृणा गर्छन्, तर हामी सत्यको पक्षमा अडिएका छौं ।"

अमेरिकन सिभिल लिबर्टिज युनियनकी डेरड्रे सिफेलिङका अनुसार प्रदर्शनकारीहरूको मुख्य सन्देश 'हामी समानता र कानूनको देश हौं' भन्ने थियो ।

# भारत-तालिबान नजिकिँदै, पाकिस्तानको तीव्र असन्तोष



एएफपी

काबुल । अफगानिस्तान र पाकिस्तानबीच हालै भएको दुर्लभ र रक्तपातपूर्ण झडपपछि इस्लामाबादले भारतमाथि द्वन्द्व भड्काएको आरोप लगाउँदै कडा असन्तुष्टि प्रकट गरेको छ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले भारतले अफगान तालिबानलाई 'उक्साएको' दाबी गर्नुभयो भने रक्षामन्त्री ख्वाजा मुहम्मद आसिफले अफगान सरकारले भारतको 'प्रोक्सी' जस्तो व्यवहार गरेको आरोप लगाउनुभयो ।सन् १९४७ मा ब्रिटिश शासनको अन्त्यसँगै भएको विभाजनपछि भारत र पाकिस्तान कट्टर प्रतिद्वन्द्वी बनेका हुन् । यी दुवै मुलुकले बारम्बार युद्ध र एकअर्कामाथि आतङ्कवादको आरोप आदानप्रदान गर्दै आएका छन् ।

तर पछिल्ला महिनाहरूमा अफगानिस्तानसँगको सम्बन्ध कमजोर हुँदै गए पनि पाकिस्तानले भारत-तालिबान सम्बन्धलाई सहज रूपमा बढ्दै गएको रूपमा हेरेको छ ।गत अक्टोबर ९ मा तालिबानका विदेशमन्त्री आमिर खान मुत्ताकी नयाँदिल्ली पुगेपछि भारत-तालिबानबीचको कूटनीतिक निकटता औपचारिक बन्यो । यो सन् २०२१ मा तालिबान पुनः सत्तामा फर्किएपछि उच्चस्तरीय तालिबान नेताको भारत भ्रमण हो ।

भारतले मुत्ताकीका लागि रातो कार्पेट ओछ्याएको दिनै काबुल र पाकिस्तान सीमासँगै बजार क्षेत्रमा विस्फोट भएको थियो ।अफगान विशेषज्ञ वाहिद फकिरीका अनुसार भारत-तालिबानको यो मेलमिलापले पाकिस्तानलाई तीव्र प्रतिक्रिया दिन बाध्य बनाएको हो । उहाँका शब्दमा, "नयाँदिल्लीले मुत्ताकीलाई आमन्त्रित गरेर पाकिस्तान र अफगानिस्तानबीचको तनाव झन् बढाउने उद्देश्य राखेको छ ।"

त्यो विस्फोटको जिम्मेवारी कसैले नलिए पनि तालिबान सरकारले इस्लामाबादमाथि ' अभूतपूर्व आक्रमण' गरेको आरोप लगायो र त्यसको प्रतिशोधस्वरूप आक्रमण गऱ्यो ।यसपछि तोपखाना र ड्रोन आक्रमणको आदानप्रदान हुँदै दुवै मुलुकबीच वर्षौंयताकै भीषण हिंसा फैलियो । प्रारम्भिक युद्धविराम भङ्ग भएपछि अक्टोबर १९ (आज) मा दोस्रो युद्धविराम सम्झौता गरिएको छ ।

## छिमेकीलाई दोष दिने प्रवृत्ति

एक समयका निकट सहयोगी अफगानिस्तान र पाकिस्तानबीचको सम्बन्ध अमेरिकी सेनाको फिर्ती र तालिबानको सत्तारोहणपछि चिसिँदै गएको हो ।

इस्लामाबादले सुरुआती दिनहरूमा तत्कालीन गुप्तचर प्रमुख फैज हमीदमार्फत 'सबै कुरा ठिक हुनेछ' भन्दै आशावादी वक्तव्य दिएको थियो । तर पाकिस्तानमा बढ्दो आतङ्कवादी आक्रमणले त्यो विश्वास भत्कायो ।

पाकिस्तानी अधिकारीहरूका अनुसार तालिबान सरकारले आतङ्ककारी समूहहरूलाई सुरक्षित आश्रय दिइरहेको छ । यी मध्ये पाकिस्तानी तालिबान (टिटिपी) र यसका सम्बद्धहरू मुख्य रूपमा सुरक्षा बलहरूमाथिका आक्रमणका लागि जिम्मेवार छन् ।

पाकिस्तानी सुरक्षास्रोतका अनुसार अक्टोबर महिनामै अफगानतर्फबाट भएका आक्रमणमा १०० भन्दा बढी सुरक्षाकर्मी र प्रहरी अधिकारी मारिएका छन् ।यो हिंसाले पाकिस्तानमा अफगान शरणार्थीहरूलाई लक्षित गर्दै सामूहिक निर्वासन अभियानलाई तीव्र बनाएको छ ।पूर्व पाकिस्तानी कूटनीतिज्ञ मलिहा लोधीका अनुसार मुत्ताकीको नयाँदिल्ली भ्रमण 'आक्रोश निम्त्याउने' विषय त हो, तर पाकिस्तानका लागि ' प्रतिशोधको कारण होइन' ।

उहाँले भन्नुभयो, "तालिबानले टिटिपीमाथि नियन्त्रण गर्न अस्वीकार गर्नु नै पाकिस्तानको वास्तविक असन्तोष हो ।"पाकिस्तानी सेनाले पनि भारतमाथि टिटिपीलाई समर्थन गरेको आरोप लगाएको छ तर भारतको विदेश मन्त्रालयले ती दाबीहरूलाई अस्वीकार गर्दै प्रतिक्रिया दिएको छ, "पाकिस्तानले आफ्नै असफलताको जिम्मेवारीबाट पन्छिन छिमेकीमाथि दोष थोपर्ने पुरानो बानी दोहोऱ्याएको छ ।"

## एकता र रणनीतिक परिवर्तन

भारत-तालिबान सम्बन्ध सुरुआती रूपमा भारतको हिन्दू राष्ट्रवादी सरकारका लागि 'संवेदनशील' विषय मानिएको थियो । तर अन्तर्राष्ट्रिय क्राइसिस ग्रुप (आइसिजी) का विश्लेषक प्रवीण डोन्टीका अनुसार मुत्ताकीले भारतप्रति ' एकता' देखाएपछि जनमत परिवर्तन भयो ।उहाँका अनुसार अप्रिल २२ मा जम्मु-काश्मीरको पहलगाममा भएको आतङ्कवादी आक्रमणपछि मुत्ताकीले भारतप्रति ऐक्यबद्धता जनाउनुभयो । यसले उहाँलाई भारतभित्र केही लोकप्रियता दिलायो ।तर उक्त वक्तव्यमा काश्मीरलाई 'जम्मू र कश्मीर, भारत' भनेर उल्लेख गरिएकोले पाकिस्तानलाई झन् आक्रोशित बनाएको छ ।


भारत भ्रमणको अन्त्यमा नयाँदिल्लीले काबुलस्थित आफ्नो कूटनीतिक कार्यालयलाई पूर्ण दूतावासमा स्तरोन्नति गर्ने घोषणा गऱ्यो ।विश्लेषकहरूका अनुसार यस कदमले तालिबान सरकारलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने दिशातर्फ ठूलो कदम चालिएको हो – यद्यपि यो प्रक्रिया अझै लामो छ ।अहिलेका लागि यो सम्बन्ध तालिबानका लागि राजनैतिक विजय हो भने भारत-पाकिस्तान-अफगानिस्तान त्रिकोणीय सम्बन्धमा नयाँ अध्यायको सुरुआत भएको सङ्केत हो ।

# गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको काम ४० प्रतिशत

चितवन । भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको काम ४० प्रतिशत सम्पन्न भएको छ । भरतपुर महानगरपालिकाले प्रदेश र सङ्घीय सरकारको सहयोगमा रङ्गशाला निर्माण गरेको हो ।

भरतपुर महानगरका इञ्जिनियर घनश्याम मिश्रका अनुसार हाल प्याराफिट र दुईवटै टावरको दोस्रो तलाको काम भइरहेको छ । प्याराफिट र टावरमा फर्मा र डण्डी बाँध्ने काम भइरहेको जनाउँदै उहाँले टावरको वाल निर्माण गर्ने कामसमेत भइरहेको बताउनुभयो । उहाँका अनुसार टावर तीन तलाको हुनेछ ।

"प्याराफिटको पछाडिपट्टि कोठा निकाल्न ढलानको काम हुँदैछ । रङ्गशालामा चार वटा प्याराफिट र दुई वटा टावर रहेका छन्", मिश्रले भन्नुभयो, "दैनिक १२२ जनाले काम गरिरहेका छन् । तिहार लागेसँगै मुस्लिम समुदायका २५-३० जनाले मात्र काम गर्नेछन् । छठपछि कामले तीव्रता पाउने छ ।" ठेक्का सम्झौताअनुसार यतिबेला ४८ प्रतिशत काम हुनुपर्नेमा सम्झौता गरेअनुरुप केही ढिलो भएको उहाँले बताउनुभयो ।



धुर्मुस-सुन्तली फाउन्डेसनले काम गर्न नसकेपछि महानगरलाई उक्त परियोजना हस्तान्तरण गरिएको थियो । हिमालयन कालिञ्चोक बिबिआर जेभीले रङ्गशाला निर्माणको जिम्मा पाएको छ । विसं २०८३ पुस २२ गतेसम्ममा रङ्गशाला निर्माण सम्पन्न गर्नेगरी रु ७८ करोड ५० लाख ९१ हजार १८९ मा ठेक्का लगाइएको महानगरले जनाएको छ ।

पहिलो चरणको काम सम्पन्न भएपछि यहाँ अन्तरराष्ट्रियस्तरका खेल आयोजना गर्न सकिनेछ । पहिलो चरणमा जम्मा १५ हजार जना दर्शक अट्ने प्याराफिट, दुई वटा भिआइपी टावर, मैदानसहित पाँच वटा पिच, ड्रेनेज (पानी निकास), रेलिङ, बाटो, पार्किङ क्षेत्र निर्माण गरिने महानगरका इञ्जिनियर मिश्रले जानकारी दिनुभयो । उहाँका अनुसार थप क्षमताका लागि दोस्रो चरणमा काम गरिनेछ ।

त्रिभुवन विश्वविद्यालयका नाममा रहेर कृषि तथा वनविज्ञान विश्वविद्यालयले उपयोग गरिरहेको २० बिघा १९ कठ्ठा जमिनमा रङ्गशाला निर्माण भइरहेको हो । यो भरतपुर महानगरपालिका-१५ मा पर्दछ । अन्तरराष्ट्रियस्तरका खेल खेल्न मिल्नेगरी रङ्गशाला निर्माण भइरहेको हो ।रासस

# एसियाली 'युथ गेम्स'मा नेपालका सात खेलाडीले प्रतिस्पर्धा गर्ने




काठमाण्डु । तेस्रो एसियाली 'युथ गेम्स'मा नेपालबाट विभिन्न पाँच खेलमा सात खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

बहराइनमा हुने उक्त प्रतियोगिता यही कात्तिक ५ देखि १४ गतेसम्म हुनेछ । नेपालबाट ब्याडमिन्टनमा सविना श्रेष्ठ, गल्फमा रुवेन थापा, जुडोमा समिता नेपाली, मुवाँथाईमा पलेस्था कक्षपति र गेन्जी राई तथा पौडीमा अथर्व सिंह र आर्या महर्जनले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

टोलीको 'अफिसियल' प्रतिनिधिमा तिलक पाण्डे (ब्याडमिन्टन), ध्रुवबाबु थापा (गल्फ), देवकीमाया श्रेष्ठ (जुडो), भूपेश शाक्य (मुवाँथाई) र नयना शाक्य (पौडी) रहेका छन् ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङ, युवा तथा खेलकुद मन्त्रालयका सहसचिव एवं राखेपका सदस्य रामचरित्र मेहता, राखेप कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराई, राष्ट्रिय टोली तयारी समितिका निर्देशक दीपक विष्टलगायतले आइतबार यहाँ आयोजित एक कार्यक्रममा उहाँहरूलाई सफलताको शुभकामना दिँदै बिदाई गर्नुभयो । मुवाँथाई टोली सोमबार बहराइन जाने छ ।रासस

# तरकारीखेतीबाट नौ लाख आम्दानी



ढोरपाटन । ढोरपाटन नगरपालिका-४ खुङ्गाकी रिममाया बुढाथोकी सात वर्षअगाडि छोराछोरी पढाउनका बागलुङ बजार झर्नुभएको थियो। गाउँबाट बजार झर्नुभएकी रिममायालाई सुरुमा घुलमिल हुन निकै गाह्रो भएको थियो । बिहान बेलुका छोराछोरीसँग बिताए पनि दिनमा एक्लै बस्नुपर्थ्यो । दिनमा केही काम गर्ने सोच बनाए पनि बजारमा काम पाइएन।

आफू बस्ने ठाउँ वरपरका स्थानीयले व्यावसायिक तरकारीखेती गरेको देखेपछि उहाँलाई बारीमा काम गर्ने इच्छा जाग्यो। त्यसपछि जग्गा भाडामा लिएर उहाँले तरकारीखेती गर्न थाल्नुभयो। अहिले उहाँ बजारमा उत्कृष्ट महिला किसानका रूपमा परिचित हुनुहुन्छ । बागलुङ नगरपालिका-४ ओढारचौरमा बुढाथोकीले तरकारीखेती सुरु गरेको चार वर्ष भयो । बजार नजिकै तरकारी फलाउने हुँदा बिक्री नहुने समस्या छैन। उहाँको बारीमा बाह्रै महिना तरकारी फल्छन्।

बुढाथोकीले तरकारीसँगै पोहोर सालदेखि च्याउखेती पनि सुरु गर्नुभएको छ। विसं २०७५ मा श्रीमान् र छोराछोरीसँगै बागलुङ झर्नुभएकी बुढाथोकीले बागलुङ नगरपालिका-४ मा १५ रोपनी जमिन वार्षिक रु ८३ हजार भाडा तिर्नेगरी लिजमा लिएर चारवटा च्याउ र तीनवटा टमाटरका टनेल निर्माण गर्नुभएको छ । च्याउ, टमाटर, लौका, घिरौला, बोडी, सिमी, खुर्सानी, धनियाँ, साग, भेन्टा र विभिन्न तरकारीसँगै बुढाथोकीको बारीमा मसलाजन्य अदुवा र बेसार पनि उत्पादन हुन्छ। अहिलेसम्म रु २५ लाखभन्दा बढी लगानी गरेको उहाँले बताउनुभयो।

बुढाथोकीले भन्नुभयो, “सुरुमा दिन कटाउन गाह्रो भएको थियो, अहिले दिनभर बारीमा काम गर्दा कति छि” साँझ पर्छ पत्तै हुँदैन, यतिकै बस्नुभन्दा केही उद्यम गर्दा राम्रो हुन्छ भन्ने हिसाबले तरकारीखेती गर्न थालेकी थिएँ, अहिले राम्रो हुँदै गएको छ, बजार यहीँ भएको हुँदा बिक्री वितरणमा समस्या छैन, कतिपय उपभोक्ता त बारीमै आएर तरकारी किन्नुहुन्छ।”

बुढाथोकीले तरकरीबाट रु चार लाख र च्याउबाट रु पाँच लाख गरी वार्षिक रु नौ लाख आम्दानी गर्न थालेको बताउनुभयो । तरकारीखेती गर्न थालेपछि बुढाथोकीले गरिमा कृषि फार्म दर्ता गर्नुभएको छ। मासिक तलब दिएर एक जनालाई रोजगारीसमेत दिनुभएको छ। रिममायालाई श्रीमान् कपिल र छोराछोरीले पनि समयसमयमा सघाउँछन्।

ब ु ढा था ो की ल े तरकारीखेती विस्तार र व्यवस्थापन गर्न समयसमयमा विभिन्न निकायबाट सहयोग पनि प्राप्त गर्नुभएको छ । उहाँले यसै वर्ष उद्यमशीलता कार्यक्रमअन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट च्याउखेतीका लागि टनेल व्यवस्थापन गर्न रु चार लाख सहयोग प्राप्त गरेको बताउनुभयो। अनुदान पाएपछि उत्पादन वृद्धि गर्न सहज भएको उहाँको भनाइ छ। तरकारीको बजार व्यवस्थापनमा समस्या नभए पनि पानीको अभाव हुँदा उत्पादनमा बढाउन समस्या भएको उहाँले सुनाउनुभयो।

अघिल्लो वर्ष कृषि ज्ञान केन्द्रबाट दुईवटा टमाटर टनेल र यस वर्ष मसला बाली व्यवस्थापनका लागि प्रविधि सहयोग प्राप्त गरेको उहाँले बताउनुभयो। बागलुङ नगरपालिकाबाट समेत तीन वर्ष पहिले सहयोग प्राप्त गरेको बुढाथोकीको भनाइ छ। सिँचाइका लागि पानीको सुविधा नहुँदा समस्या भोग्नुपरेको उहाँले गुनासो पोख्नुभयो।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले किसानलाई प्रोत्साहन गर्न अनुदानसहित प्राविधिक सहयोग गर्दै आएको बताउनुभयो । समयसमयमा फार्ममै पुगेर परामर्शसमेत प्रदान गर्ने गरेको उहाँको भनाइ छ।

बजार क्षेत्रमै राम्रो तरकारी उत्पादक किसानको छबि बनाउनुभएकी बुढाथोकीलाई आवश्यक तालिम र उपकरण पनि दिने प्रमुख सिलवालले बताउनुभयो । पछिल्लो समय बागलुङमा धेरै किसान तरकारीखेतीतर्फ आकर्षित भइरहेको उहाँ बताउनुहुन्छ । यहाँ उत्पादन भएको तरकारीले बजार नपाउने समस्या नभएको सिलवालको भनाइ छ।रासस

# डेढ महिनामा सात हजार पर्यटक भित्रिए



मनाङ। मनसुन सकिएपछि यतिबेला हिमाली जिल्ला मनाङको मौसम खुलेको छ । मौसम खुल्ने समयको सुरुआतसँगै यहाँ विदेशी पर्यटकको आगमन हुने गर्दछ । यस मौसमलाई पर्यटक आउने यामका रूपमा पनि लिइन्छ।

यस वर्षको याम सुरुआतसँगै पहिलो अर्थात् डेढ महिनामा सात हजार बढी पर्यटकको आगमन भएको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) एकाइ कार्यालयले जनाएको छ। डेढ महिनामा सात हजार ४६१ पर्यटकको आगमन भएको एक्यापका संरक्षण शिक्षा सहायक भूपेन्द्र गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार याम सुरु भएपछि इजरायलका एक हजार १२७, जर्मनीका पाँच सय एक, बेलायतका चार सय ६६ र अष्ट्रेलियाका चार सय ४१ जनाले मनाङअन्तर्गत अन्नपूर्ण पदमार्ग, थोराङ्ला भञ्ज्याङ (पास), लार्के भञ्ज्याङ (पास), तिलिचो तालको भ्रमण गरेका छन्।

“ती देशसँगै विश्वका ८७ देशका नागरिकले मनाङका रमणीय स्थानको भ्रमण गरेका छन्। निराश भएका मनाङवासीका साथै देशकै अर्थतन्त्रले गति लिने अपेक्षा गरिएको छ”, संरक्षण शिक्षा सहायक गुरुङले भन्नुभयो।

जेनजी आन्दोलन र मनसुनको अन्त्यमा बाढीपहिराका कारण पर्यटकको आगमनमा समस्या भएकामा अहिले चहलपहल हुन थालेको पर्यटन व्यवसायी सङ्घका अध्यक्ष विनोद गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, “मनाङको आयस्तरले देशकै अर्थतन्त्रमा प्रभाव पार्ने गर्छ। जेनजी आन्दोलनले विदेशी पर्यटकले बुकिङ गरेका होटल पनि फिर्ता लिइरहेका थिए । अहिले देशमा शान्ति कायम हुँदै गएपछि आगमन बढ्दै गएको छ।”

जेनजी आन्दोलनपछि सुनसान बनेको मनाङमा विदेशी तथा स्वदेशी पर्यटकको चहलपहल बढेको छ। मनसुन सकिएपछि पर्यटकको आगमन बढ्नुपर्ने यहाँ मनसुन अन्त्यमा सक्रिय भएर ठूलो धनजनको क्षति हुँदा पर्यटन व्यवासय पनि सुस्ताएकामा अहिले पर्यटन व्यवसायमा अपेक्षाकृत बन्ने व्यावसायीको भनाइ छ।

बुकिङ रद्द गरिएका होटल अहिले भरिन थालेका होटल व्यवसायी नवीनविक्रम सिंहले बताउनुभयो।

उहाँले भन्नुभयो, “जति पर्यटकको आगमन हुनुपर्ने हो त्यति भएको छैन । तर अहिले केही मात्रामा विदेशी पर्यटकको आगमनचाहिँ भएको छ ।” विशेषगरी देशकै ठूलो मानिएको हिल्टन होटल जलाइएपछि पर्यटक बढी त्रसित भएको हुनसक्ने पर्यटन तथा होटल व्यवसायीको अनुमान रहको उहाँको भनाइ छ।

यस समयमा मनाङका सडक तथा पदमार्गमा पर्यटक प्रशस्त देखिन्थे । तर यस वर्ष त्यति छैनन् । पूर्ण रूपमा पर्यटकको आगमन पनि हुनसकेको छैन। देशको अर्थतन्त्रलाई प्रभाव पार्ने मनाङको पदमार्गको यात्रा तथा सडक सहज बनाउन तीनै तहको सरकारको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। अहिले नेपाली नागरिकमा पनि भ्रमणमा निस्कने प्रचलन बढ्दै गएको पाइन्छ । जोखिमयुक्त भ्रमण गर्ने र ग्रामीण पर्यटनको प्रवर्द्धनमा जोडिएको पाइएको छ।

यसले पनि स्वदेशी पर्यटन प्रवर्द्धन भइरहेको छ।

विदेशी पर्यटक विशेषगरी यहाँको मानवीय जिन्दगीको आभास गर्न र मौलिक संस्कृतिका साथै प्राकृतिक सौन्दर्यतामा रमाउन आउने गरेका पाइन्छन्। प्रविधिको युगमा वास्तविक प्राकृतिक मानवीय जीवनको महसुस गर्न आउने गरेका छन् । हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आगमन हुने गर्दछ । साथै विश्वकै १० औँ स्थानमा पर्ने जोखिमयुक्त पदमार्गमध्येको अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन्।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरुआत हुन्छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की जिल्ला जोडिएका छन् । काठमाडौँदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन्। पछिल्लो समय सडक यातायात सहज भएपछि सवारीसाधनमा नै चामे, खाङ्सारसम्म सवारीसाधनमा नै पुग्ने गरेको पाइन्छ । त्यसपछि मात्र मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा गर्ने गरेको भेटिन्छ।रासस

> “जति पर्यटकको आगमन हुनुपर्ने हो त्यति भएको छैन । तर अहिले केही मात्रामा विदेशी पर्यटकको आगमनचाहिँ भएको छ ।”

# तिहारलाई झिनियाँ बेचेर मनग्य आम्दानी

तानसेन। हिन्दूहरूको दोस्रो ठूलो महानपर्व तिहार नजिकिएसँगै पाल्पाका बजारमा झिनियाँ बिक्री बढ्दो छ। तिहारमा दिदीबहीनीले दाजुभाइलाई उपहारस्वरुप झिनियाँ दिने गर्दछन्। जसका कारण यसको माग बढ्दो छ।

यतिबेला यहाँका महिला उद्यमीलाई झिनियाँ बनाएर बेच्न भ्याइनभ्याई छ। तिहारमा अत्यावश्यक परिकारका रूपमा मानिएको झिनियाँ र चिनीसहितका विभिन्न रोटीका परिकार बनाएरै महिला उद्यमीले मनग्य आम्दानी गर्दै आएका छन्। झिनियाँसहित विभिन्न तयारी रोटी उत्पादन हुन थालेपछि घरमै बनाउने रोटीका परिकार पनि स्थानीयले खरिद गरेर लैजान थालेपछि घरेलु महिला उद्यमी व्यस्त भएका छन्।

जिल्लाका तानसेन, निस्दीको गल्धा, रामपुर नगरपालिका, रम्भा, माथागढी, रिब्दीकोट, बगनासकालीलगायत पालिकाका महिला यतिबेला झिनियाँ बनाउन र बिक्री गर्नमै व्यस्त छन्। उनीहरूले यही रोटी बनाएर बिक्री गरी चाडपर्व मनाउने, घरखर्च चलाउने गर्दै आएका छन्। तानसेन नगरपालिका-३ टक्सारटोलका अधिकांश घरमा यतिबेला झिनियाँले सजिएका छन्। नेवारी समुदायमा बढी चलनचल्तीमा रहेका झिनियाँ रोटी तिहारका लागि तयारी अवस्थामा राखिएको छ। तानसेनका हरेक गल्ली, पसलपसलमा रङ्गीविरङ्गी झिनियाँ रोटी राखिएका छन्। एक हप्तादेखि पाल्पाका अधिकांश पसलमा झिनियाँ रोटीको व्यापार सुरु भएको छ।

तानसेन टक्सार टोलकी झिनियाँ व्यवसायी निर्मया श्रेष्ठलाई अहिले झिनियाँ रोटीको व्यापारले भ्याइनभ्याई छ। उहाँले एक दशकदेखि व्यावसायिक रूपमा झिनियाँको व्यापार गर्दै आउनुभएको छ। उहाँले बिहान-साँझको फुर्सदमा झिनियाँ बनाउनुहुन्छ। दसैं र तिहार राम्रो व्यापार हुने भएकाले झिनियाँबाट डेढ-दुई लाख रुपैयाँ आम्दानी भइरहेको उहाँ बताउनुहुन्छ। सोही ठाउँकी नारायणीदेवी बज्राचार्यले पनि तीन दशकदेखि झिनियाँ बिक्री-वितरण गर्दै आउनुभएको छ। दसैंतिहारमा मात्र साढे तीनदेखि ६ लाख रुपैयाँको झिनियाँ बिक्री हुने उहाँको भनाइ छ। ब्रजाचार्यले बजारको कुनै समस्या नै नभएकाले उत्पादन गर्नसके राम्रो नै आम्दानी हुने बताउनुभयो।

बज्राचार्यले जस्तै टक्सार टोलका अन्य महिलाले पनि झिनियाँ बनाएरै राम्रो आम्दानी गर्दै आएका छन्। अधिकांश नेवारी बस्तीमा झिनियाँ रोटी बनाउने साना घरेलु उद्योग नै सञ्चालनमा छन्। रासस

# अकबरे खुर्सानी खेतीबाट वार्षिक ५५ लाख आम्दानी



भोजपुर।भोजपुरकोपौवादुङमा गाउँपालिका-५ सानोदुम्माका युवा ठंगजीत राईले व्यावसायिक खुर्सानीखेतीबाट वार्षिक रु ५५ लाख आम्दानी गर्दै आउनुभएको छ। आफ्नै गाउँमा कृषिकर्मबाट उद्यमी बन्ने लक्ष्यका साथ उहाँले ४२ रोपनी क्षेत्रमा करिब ३२ हजार बोट खुर्सानीखेती गर्नुभएको हो।

आफ्नै ठाउँमा कृषिकर्म गरेर उदाहरणीय बन्ने उद्देश्यले व्यावसायिक खुर्सानी खेतीमा जुटेको राईले बताउनुभयो। करिब आठ वर्षअघिदेखि मौसमी र बेमौसमी दुवै प्रकारका खुर्सानीखेती गर्दै आउनुभएका उहाँ जिल्लाका परिचित खुर्सानी किसान हुनुहुन्छ।

“खुर्सानीखेतीबाट वार्षिक रु ५५ देखि रु ६० लाखसम्म आम्दानी गर्छु”, किसान राईले भन्नुभयो, “४२ रोपनी जग्गा भाडामा लिएर ३२ हजार हाराहारी बोट लगाएको छु। गत वर्ष पनि रु ५० लाख बढी आम्दानी भएको थियो।”

खुर्सानीखेतीका लागि उहाँले वार्षिक रु दुई लाख तिरेर ६५ रोपनी जग्गा भाडामा लिएको जानकारी दिनुभयो । यस वर्ष खेतीका लागि करिब रु १२ लाख लगानी गरेको जनाउँदै उहाँले युवामा विदेशप्रतिको मोह बढिरहेको समयमा आफूले भने आफ्नै बारीमा व्यावसायिक रूपमा कृषिकर्म गरिरहेको बताउनुभयो।

विभिन्न तीन ठाउँमा जग्गा व्यवस्थापन गरेर खेती गर्दै आउनुभएका राईले हाल चार जनालाई रोजगारीसमेत दिनुभएको छ। सडक पहुँच राम्रो भएकाले उत्पादन भएको खुर्सानी घरबाटै बिक्री गर्न सहज भएको उहाँको भनाइ छ।

पौवादुङमामा उत्पादन भएको खुर्सानी धरान, इटहरी, विराटनगर, झापा र काठमाडौँसम्म बिक्रीका लागि पठाउने गरिएको गाउँपालिकाका उपाध्यक्ष ज्योत्सना राईले जानकारी दिनुभयो। उहाँका अनुसार खुर्सानीखेती अहिले पालिकाको मुख्य आम्दानीको स्रोत बनेको छ।

किसानलाई व्यावसायिक योजनाका आधारमा सहयोगका कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिकाका अध्यक्ष किरण राईले बताउनुभयो । “अकबरे खुर्सानी हाम्रो गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत बनेको छ”, उहाँले भन्नुभयो, “हामीले कृषि क्षेत्रमा लगानी बढाउँदै भूगोल सुहाउँदो खेतीमा जोड दिइरहेका छौं।”रासस

# पशुपालक किसानलाई आत्मनिर्भर बनाउन रु ८० लाख अनुदान




पर्वत । जिल्लाका पशुपालक किसानलाई आत्मनिर्भर र व्यावसायिक बनाउनका लागि प्रोत्साहन गर्न अनुदान वितरण गरिने भएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशु विकास तथा दूध उत्पादनमा किसानलाई प्रोत्साहन गर्न रु ८० लाख अनुदान वितरण गर्ने भएको छ।

निमित्त केन्द्र प्रमुख तथा पशु विकास अधिकृत रामकृष्ण सुवेदीका अनुसार विभिन्न छ प्रकारका कार्यक्रमका लागि उक्त अनुदान रकम उपलब्ध गराउने तयारी कार्यालयले गरिरहेको छ। आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार किसान, फार्म, कम्पनी, समूह, समिति वा सहकारी संस्थालाई उक्त अनुदान रकम उपलब्ध गराइनेछ।

बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमअन्तर्गत गाईभैँसी, भेडा, बाख्रा, बङ्गुर, माछा र कुखुरा पालिरहेका किसान वा फार्म दुईवटालाई अधिकतम ९० प्रतिशत अनुदान दिनेगरी रु २० लाख वितरण गरिने पशु विकास अधिकृत सुवेदीले बताउनुभयो। किसान समूह, समिति वा सहकारीमार्फत प्राप्त गर्न सकिने अनुदान प्राप्त गर्नका लागि कम्तीमा ५० वटा माउ पालन गरिरहेको तथा कम्तीमा दैनिक दुई सय लिटर दूध उत्पादन गरिरहेको हुनुपर्नेछ।

यदि भेडाबाख्रा पालेको भएमा दुई सय ५० वटा, बङ्गुर पालेको भएमा ५० वटा ब्रिडर माउ वा एक सय वटा फ्याटनर बङ्गुर, ग्रामीण कुखुराको हकमा कम्तीमा पाँच सय, हाँस भए तीन सयवटा तथा माछापालन भएमा कम्तीमा २० रोपनी क्षेत्रफल र रेन्बो ट्राउटका लागि कम्तीमा एक हजार वर्गमिटर क्षेत्रफलको जलाशय हुनुपर्ने शर्त राखिएको छ।

दूध उत्पादनका आधारमा प्रोत्साहन सहयोगअन्तर्गत चारपटकका लागि रु ३० लाख अनुदान उपलब्ध कार्यालयले गराउनेछ । यो अनुदानअन्तर्गत प्रतिलिटर अधिकतम रु पाँचका दरले पाइनेछ । आवेदक दुग्ध उत्पादनसँग सम्बन्धित सहकारी संस्था हुनुपर्ने, दैनिक कम्तीमा दुई सय लिटर र वार्षिक कम्तीमा दुई सय दिन दूधको कारोबार गरेको हुनुपर्ने भनिएको छ।रासस


Government of Madhesh Province

Ministry of Energy,Irrigation & Water Supply

**Water Supply and Sanitation Division Office**

**Division No.1 Saptari,Rajbiraj**

**Invitation for Electronic Bids**

**First Date of publication: 2082/07/02 (20th oct. 2025)**

Water Supply & Sanitation Division Office, Saptari, Rajbiraj invites electronic bids only from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division office, Saptari, Rajbiraj, wssdosaptarino1@gmail.com, 031530036 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Name of Work | Name Of Project | Bid Fee (Nrs) | Bid Security Amount (Nrs) | Estimate Cost (without VAT & PS) |
|---|---|---|---|---|---|
| 02/NCB/ Boring/2082-83/ WSSDO-SAPTARI | Drilling & Installation of Deep Tube well at Gajendra Narayan Industrial Area Saptari . | गजेन्द्र नारायण उद्योगि क्षेत्रमा डिप बोरिङ्ग निर्माण कार्य सप्तरी। | 3000.00 | 71,500.00 | 28,51,197.39 |
| 02/NCB/ Boring/2082-83/ WSSDO-SAPTARI | Drilling & Installation of 4" PVC Deep Tube well in siraha dhangadhimai na.pa-08 | जिल्ला सिरहा धनगढीमाई न.पा ०८ मा खानेपानी लागि डिप बोरिङ्ग जडान कार्य। | 3000.00 | 55,500.00 | 2272853.74 |
| 05/SQ/2082-83/ WSSDO-SAPTARI | Drilling & Installation Of Tubewell in madhesh agriculture university,saptari | कृषि विश्वविद्यालय सप्तरीको परिसर भित्र खानेपानी डिप ट्यूबवेल जडान कार्य। | 1000.00 | 37,500.00 | 15,99,846.52 |

Division Cheif

# आज लक्ष्मी पूजा मनाइँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । तिहारको तेस्रो दिन सोमबार साँझ ऐश्वर्य, धनधान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजा आराधना गरी श्रद्धा भक्तिपूर्वक लक्ष्मी पूजा पर्व धुमधाम साथ मनाइँदैछ ।

सफासुग्घर र लिपपोत गरिएको घरमा लक्ष्मीले बास गर्छिन् भन्ने धार्मिक मान्यता छ । यसै आधारमा सोमबार बिहानै घर सफा सुग्घर र गाईको गोबर एवं रातोमाटोले लिपपोत गरी दीपावली गरेर लक्ष्मीलाई आमन्त्रण गरिन्छ । विशेषगरी घरका झ्याल, ढोका, चोटा, कोठा, संघार, कौसी, अटाली र भऱ्याङलगायत स्थानमा सरसफाइ गरी दीपावली गरिन्छ। यस पर्वलाई दीपमालिका पनि भनिन्छ ।

लक्ष्मी पूजा गरिने कार्तिक कृष्ण औँसीको रातलाई सुखरात्रि पनि भनिन्छ । वर्षभर मनाइने चार प्रमुख रात्रिमध्ये यो पनि एक हो । लक्ष्मी पूजाका लागि सोमबार साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरेर चामलको पीठो र अबीरले लक्ष्मीको पाइला बनाई लक्ष्मी आउने बाटो देखाइन्छ ।

पाइलैपिच्छे केराको सुत्लो अथवा माटाको पालामा दीप प्रज्ज्वलन गरी झिलीमिली बनाइन्छ । हाल पालामा दियोको स्थानमा मैनबत्ती बाल्ने प्रचलन पनि बढ्न थालेको छ । दियोमा तेल राखेर बत्ती बाल्नु नै वैदिक परम्परा भएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताए ।

दीपावली गरिसकेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक लक्ष्मीको पूजा आराधना गरिन्छ ।

लक्ष्मीपूजा पछि कन्या केटी र छोरी चेलीलाई लक्ष्मीको प्रतीक मानी पूजा गरी दक्षिणासमेत दिने प्रचलन छ । घरमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास छ ।

लक्ष्मी पूजा सन्ध्याकालमा गरी मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर 'अलक्ष्मी भागोस् लक्ष्मी र धनधान्यको आगमन होस्' भनी कामना गर्ने शास्त्रीय विधि रहेको पण्डित गणेश झाले भने ।

# सुनचाँदी लुटपाट गरेको भन्ने आरोपप्रति प्रहरीको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा अवैध सुनचाँदीको कारोबारमा छापा मार्न गएको प्रहरी टोलीमाथि 'लुटपाट गर्न आएको' भन्दै लगाइएको आरोपलाई जिल्ला प्रहरी कार्यालय धनुषाले आपत्ति जनाएको छ ।

धनुषा प्रहरीले प्रेस विज्ञप्ति जारी गर्दै केही पत्रपत्रिका र राजनीतिक दलहरूले तथ्यहीन तथा भ्रामक समाचार सम्प्रेषण गरेको भन्दै त्यसप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

असोज ३१ गते जनकपुरधामको सोनारपट्टी गल्लीमा रहेको सुनचाँदी पसलमा 'अवैध चाँदीको कारोबार' भइरहेको भन्ने गोप्य सूचना प्राप्त भएपछि मात्रै प्रहरी टोली राजश्व अनुसन्धान कार्यालय र सुनचाँदी व्यवसाय संघका प्रतिनिधिसहित कानुनबमोजिम चेकजाँच तथा खानतलासीका लागि खटिएको प्रहरीको विज्ञप्तीमा उल्लेख गरिएको छ।

धनुषा प्रहरीले कानुनले शंकास्पद गतिविधि भएको स्थानमा चेकजाँच र खानतलासी गर्न पाउने पूर्ण अधिकार दिएको स्पष्ट पार्दै, प्रहरी कामकारबाही कानुनको परिधिभित्र रही गरिएको दाबी गरेको छ ।

धनुषा प्रहरीद्वारा जारी गरिएको विज्ञप्ति अनुसार चेकजाँचकै क्रममा जनकपुर उद्योग वाणिज्य संघका अध्यक्षको नेतृत्वमा १००/१५० जनाको भिड जम्मा भइ प्रहरीलाई घेरा हालेको, होहल्ला गरेको र प्रहरी कर्मचारीहरूमाथि हातपात तथा ढुंगामुढा प्रहार गरी काम कारबाहीमा बाधा पुऱ्याएका थिए ।

उक्त झडपमा परि १० जना प्रहरी कर्मचारी घाइते हुनुका साथै प्रहरीको सञ्चार सेट खोसिएको र गाडीमा तोडफोड गरिएको प्रहरीले जनाएको छ । प्रहरीले भिड नियन्त्रणका लागि सामान्य बल प्रयोग मात्रै गरेको स्पष्ट पारेको छ ।

झडपपछि प्रहरीले उक्त पसलबाट बिल बिजक नभएको ७.४३६ किलोग्राम चाँदी जस्तो देखिने वस्तु बरामद गरी आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइसकेको जनाएको छ ।

# अतिरिक्त सचिवसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य सेवा विभागकी तत्कालीन महानिर्देशक डा. संगीता कौशल मिश्रासहित १४ जनाविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले मिश्रासहित १४ जनाविरुद्ध १४ करोड ६ लाख ८५ हजार ५०० रुपैयाँ बिगो माग दावीसहित आइतबार विशेष अदालत काठमाण्डुमा आरोप -पत्र दायर गरेको हो । स्वास्थ्य उपकरण खरिदमा अनियमितता गरेको उनीहरूमाथि आरोप छ ।



अतिरिक्त सचिव मिश्रासहित स्वास्थ सेवा विभागको व्यवस्थापन महाशाखाका तत्कालीन निर्देशक डा.श्रवण कुमार थापा, आपूर्ति व्यवस्थापन शाखा प्रमुख तथा वरिष्ठ स्वास्थ्य प्रशासक डा. सुरेन्द्र प्रसाद चौरसिया, निर्देशक डा.विवेक कुमार लाल, तत्कालीन प्रमुख लेखा नियन्त्रक भुवन प्रसाद काफ्ले, वरिष्ठ जनस्वास्थ्य अधिकृत दिपक अधिकारी, कानुन अधिकृत सिता घिमिरेविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

यसैगरी स्वास्थ्य सेवा विभागका तत्कालीन शाखा अधिकृत यादवप्रसाद सापकोटा, तत्कालीन लेखा अधिकृत शम्भु प्रसाद ढकाल, लेखापाल तिलक राम ढकाल,बायोमेडिकल इञ्जिनियर आशिष चौहान, तत्कालीन बायोमेडिकल इञ्जिनियर पध्मा मिश्रलाई मुद्दामा प्रतिवादी बनाइएको छ।


स्वास्थ्य सेवा विभागको केन्द्रीय स्टोर पथलैयाका जनस्वास्थ्य निरीक्षक संजय कुमार साह र म्याक्सिम इन्कर्पोरेसन ट्रेड प्रालिका सुन्दर भुसालविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको अख्तियारको आरोप -पत्रमा उल्लेख छ।

मिश्रा जेन- जी समूहको सिफारिसमा प्रधानमन्त्री बनेकी सुशीला कार्की नेतृत्वको सरकारमा स्वास्थ्य मन्त्री बन्ने चर्चा चलेको थियो । त्यतिबेला उनले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अतिरिक्त सचिवबाट राजीनामा दिएकी थिइन् । पछि भ्रष्टाचार मुद्दामा अनुसन्धान भइरहेको खुलेपछि मिश्राको नियुक्ति रोकिएको थियो ।

स्वास्थ्य सेवा विभागको महानिर्देशक हुँदा स्वास्थ्य उपकरण खरिदमा अनियमितता गरेको भन्दै उनीविरुद्ध उजुरी परेको थियो । अनुसन्धानका क्रममा मिश्रासहित १४ जनाले स्वास्थ्य उपकरण खरिदमा १४ करोड बराबरको अनियमितता गरेको खुल्न आएको अख्तियारको दाबी छ ।

स्वास्थ्य सेवा विभागको म्यामोग्राफी मेसिन खरिदको क्रममा लागत अनुमान तयार गर्दा देखि नै मिलेमतो गरी ठेकेदार कम्पनीलाई सम्झौताको शर्त बमोजिमको सम्पूर्ण सामग्री प्राप्त नभएको अवस्थामा बदनियत राखी सम्पूर्ण सामग्री आएको गलत रिपोर्ट, गलत दाखिला प्रतिवेदन र झुट्टा बिल बिजकलगायत तयारी गरी भुक्तानी दिएको अख्तियारले ठहर गरेको छ ।

# करेन्टबाट दुई जनाको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । करेन्टबाट विभिन्न स्थानमा गरी दुईजनाको मृत्यु भएको छ ।

पर्साको वीरगञ्जमा दीपावलीको लागि झिलिमिली बत्ती लगाउने क्रममा करेन्ट लागेर एक किशोरको मृत्यु भएको छ भने सप्तरीको विष्णुपुर गाउँपलिक-३ स्थित मुसहर्नियामा एक युवकलाई करेन्ट लागेर मृत्यु भएको छ ।

दीपावलीका लागि घर सजाउन झिलिमिली बत्ती लगाउने क्रममा अचानक शरीरमा विद्युत प्रवाह भएर सख्त घाइते भएका वीरगञ्ज महानगरपालिका-१ स्थित छपकैयाका १७ वर्षीय किशोर पीयूष साहको मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ ।

वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईंले शनिबार साँझ करिब ६ बजे पीयूष आफ्नै घरमा दीपावलीका लागि झिलिमिली बत्ती जडान गर्दा उनको सोही क्रममा अचानक शरीरमा विद्युत् प्रवाह भएर उनी सख्त घाइते भएको जानकारी दिए ।

अचेत अवस्थामा रहेका उहाँलाई स्थानीयले तत्काल उद्धार गरी नारायणी अस्पताल पुऱ्याए पनि त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि नेसनल मेडिकल कलेज लैजाने क्रममा बाटोमै निधन भएको उनको भनाइ छ ।

छपकैया बजार निवासी लालु साह तेलीका छोरा पीयूष मृत्युले दिपावलीको उल्लासमय वातावरण शोकमय भएको छ । प्रहरीले आगामी दिनमा यस्ता दुर्घटना दोहोरिन नदिन भिललिमिली बत्ती जडान गर्दा सावधानी अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ ।

त्यस्तै सप्तरीको विष्णुपुर गाउँपलिक-३ स्थित मुसहर्नियामा एक युवकलाई करेन्ट लागेर मृत्यु भएको छ। स्थानीय हरि मण्डलको छोरा अन्दाजी ३५ वर्षको शिक्षक दिलिप मण्डलको आइतबार करेन्ट लागेर मृत्यु भएको छ ।

आफ्नै बारीमा पानी पट्याउने क्रममा उहाँलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । सप्तरी प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार मृतक मण्डलको शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको छ । घटना सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।

# रौतहटका ९ स्थानीय तहको कारोबार ठप्प

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाका ९ वटा स्थानीय तहको आर्थिक कारोबार ठप्प भएको छ । दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत नहुँदा कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले ९ वटा स्थानीय तहको खाता बन्द गरिएको छ ।

गौर नगरपालिका, इशनाथ नगरपालिका, राजपुर नगरपालिका, परोहा नगरपालिका, बौधीमाइ नगरपालिका, मौलापुर नगरपालिका, फतुवा विजयपुर नगरपालिका, गढिमाइ नगरपालिका र माधवनारायण नगरपालिकाको खाता बन्द रहेका छन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवीप्रसाद गौतमले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासिकका लागि मात्र निमित प्रमुख प्रशासकीय अधिकृतहरूलाई खर्चको अधिकार दिएको थियो । त्यसै आधारमा असोज ३१ गते राति १० बजेपछि ९ वटै स्थानीय तहको सूत्र प्रणाली बन्द गरिएको छ।





उनले भने, 'मन्त्रालयको निर्देशनअनुसार असोज मसान्तमा पहिलो त्रैमासिक सकिँदै गर्दा निमित प्रमुख प्रशासकीय अधिकृतहरूको खर्च अख्तियारी स्वतः समाप्त भयो,' गौतमले भने, 'दरबन्दीअनुसारका प्रमुख प्रशासकीय अधिकृत नहुँदासम्म ती स्थानीय तहको खाता सञ्चालन हुन सक्दैन ।'

रौतहटमा १८ वटा स्थानीय तह छन् । तीमध्ये हालसम्म पाँच स्थानीय तह गरुडा, कटहरिया, चन्द्रपुर, यमुनामाइ गाउँपालिका र दुर्गाभगवती गाउँपालिकामा मात्रै दरबन्दीअनुसारका प्रमुख प्रशासकीय अधिकृत कार्यरत छन् । बाँकी १३ स्थानीय तहमा निमित प्रमुख प्रशासकीय अधिकृतले काम गर्दै आएका थिए ।

तर मन्त्रालयले असोज ८ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्राचार गर्दै निमित प्रमुख प्रशासकीय अधिकृतहरूलाई पहिलो त्रैमासिकसम्म मात्र आर्थिक कारोबार सञ्चालन गर्न दिने व्यवस्था गरेको थियो । त्यसपछि औपचारिक पुनःनिर्णय नहुँदा नौ तहको आर्थिक प्रणाली पूर्णरूपमा अवरुद्ध भएको हो ।

देवाही गोनाही नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट पारित गर्न सभै हुन नसकेको बताइएको छ । त्यस्तै गुजरा नगरपालिकामा पनि प्रमुख प्रशासकीय अधिकृतको अभावमा आर्थिक कारोबार सुरु नै हुन सकेको छैन ।

यसैबीच राजदेवी नगरपालिकामा असोज ३१ गते नयाँ निमित प्रमुख प्रशासकीय अधिकृत खटाइएपछि खाता सञ्चालन प्रक्रिया अगाडि बढ्ने तयारी छ । तर, वृन्दावन नगरपालिकामा खटाइएका निमित प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलले रमाना लिन अस्वीकार गरेपछि उक्त नगरको सम्पूर्ण खाता पनि निष्क्रिय बनाइएको कोष नियन्त्रक कार्यालयले जनाएको छ ।

कोष नियन्त्रक गौतमका अनुसार मन्त्रालयले निमित प्रमुख प्रशासकीय अधिकृतलाई पुनः खर्च अख्तियारी दिने वा दरबन्दीअनुसार स्थायी प्रमुख प्रशासकीय अधिकृत नियुक्त गर्ने निर्णय गरेपछि मात्रै ती नौ स्थानीय तहको खाता पुनः सञ्चालन हुनेछ ।

स्थानीय तहको आर्थिक कारोबार ठप्प हुँदा ती नगरपालिकाका नियमित सेवा, विकास निर्माणका काम, कर्मचारी तलब र दैनिक प्रशासनिक गतिविधि समेत प्रभावित भएका छन् ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,**

- पर्याप्य संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक/लागू पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।

**दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८